Microfinance

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको राष्ट्रियस्तरको संस्था)



9th Annual Report (2078/079)

९औं वार्षिक प्रतिवेदन

(२०७८/०७९)

Boosting Agriculture .....

Thinking Food Security & Poverty Reduction

सञ्चालक समिति



श्री डम्मर मणि थेबे लिम्बु
अध्यक्ष (संस्थापक)



श्री राजेश्वरप्रसाद आचार्य
संचालक (संस्थापक)



श्री विश्वराम खड्का
सञ्चालक (संस्थापक)



श्री हरी बहादुर भण्डारी
सञ्चालक (संस्थापक)



श्री भक्तराम खड्का
संचालक (सर्वसाधारण)



श्रीमती अनुपा ओझा
संचालक (सर्वसाधारण)



श्री निरंजन पराजुली
संचालक (स्वतन्त्र)



श्री डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

क्र.सं.	विवरण	पेज नं.
१	संक्षिप्त परिचय	१
२	कार्यक्षेत्र तथा शाखा कार्यालयहरुको विवरण	१
३	संस्थाद्धारा प्रवाहित वित्तीय तथा गैर वित्तीय सेवाहरु	२
४	सदस्यको प्रकार	४
५	विगत देखि हालसम्मको कार्यक्रमगत झलक	४
६	नवौँ वार्षिक साधारण सभा सम्वन्धी सूचना	८
७	आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन :	१०
	७.१ वित्तीय कारोवार तथा मुख्य क्रियाकलापहरुको सिंहावलोकन	१०
	७.२ मानव संसाधन तथा क्षमता अभिवृद्धि	१२
	७.३ संचालक तथा प्रमुख कार्यकारी अधिकृतको तालिम, अध्ययन तथा अवलोकन भ्रमण	१५
	७.४ प्रविधिको विकास	१५
	७.५ सञ्चालक समितिमा भएको हेरफेर	१५
	७.६ संस्थागत सुशासन	१६
	७.७ आन्तरिक नियन्त्रण प्रणाली	१६
	७.८ ग्राहक संरक्षण तथा संस्थागत सामाजिक उत्तरदायित्व	१७
	७.९ कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्वन्ध	१९
	७.१० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई पारेको प्रभाव	१९
	७.११ वित्तीय विवरण तथा नाफा नोक्सानको स्थिति	१९
	७.१२ सम्पत्ति तथा दायित्वको अवस्था	१९
	७.१३ बोनस शेयर र नगद लाभांश बाँडफाँड	२०
	७.१४ लेखापरीक्षण प्रतिवेदन र संचालक समितिको प्रतिक्रिया	२०
	७.१५ भावि योजना तथा कार्यक्रमको सम्बन्धमा सञ्चालक समितिको धारणा	२०
	७.१६ संस्थाको कारोवारलाई असर पार्न सक्ने मूख्य बिषयहरु	२२
	७.१७ दुई वित्तीय संस्था गाभ्ने गाभिने सम्बन्धमा	२२
८	कम्पनी ऐन, २०६३ को दफा १०९ (४) अनुसारको अतिरिक्त विवरण	२४
९	धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१५ को विवरण	२७
१०	लेखापरीक्षकको प्रतिवेदन, वित्तीय विवरण, प्रमुख लेखा नीति तथा लेखा टिप्पणीहरु	२९
११	आ.व. २०७८/०७९ को लक्ष्य अनुसारको प्रगति विवरण	७६
१२	प्रस्तावित प्रवन्धपत्र तथा नियमावलीको बुँदाहरु संशोधन सम्वन्धी तीन महले विवरण	७७
१३	वित्तीय विवरण प्रकाशन गर्ने सम्वन्धमा नेपाल राष्ट्र बैकबाट प्राप्त कैफियत	८०
१४	वित्तीय विवरण प्रकाशन गर्ने सम्वन्धमा नेपाल राष्ट्र बैकबाट प्राप्त कैफियतको प्रत्युत्तर	८१
१५	प्रोक्सी फाराम	८२
१६	व्यवस्थापन समुह	८३
१७	टिप्पणी	८६
१८	नेपाल वित्तीय प्रतिवेदनमान (NFRS)	८७

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा, काभ्रेपलाञ्चोक

१. संक्षिप्त परिचय :

कम्पनी स्थापना मिति	२०७०/०१/०२
कम्पनी दर्ता नं.	१११५४८/०६९/०७०
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मिति (साविक)	२०७०/०५/०२
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मिति (मर्जर पश्चात् कायम)	२०७५/१०/१४
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र नं. (साविक)	ने.रा.बैंक/इ.प्रा./"घ"/३४/०७०/७१
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र नं. (मर्जर पश्चात् कायम)	ने.रा.बैंक/इ.प्रा./"घ"/९४/०७५/७६
एकीकृत वित्तीय कारोवार इजाजत प्राप्त मिति	२०७८/०१/०२
शाखा कार्यालयबाट कारोबार शुरु गरेको मिति	२०७०/०५/०९
स्थायी लेखा नं.	६०१०२८२४९
केन्द्रीय कार्यालयको ठेगाना	बनेपा न.पा., वडा नं. ७, बनेपा, काभ्रेपलाञ्चोक
फोन नं.	०११-५९७००००
ईमेल	samata@samata.org.np

२. कार्यक्षेत्र तथा शाखा कार्यालयहरूको विवरण (२०७९ पौष मसान्तसम्मको) :

प्रदेश	हाल कार्यक्रम सञ्चालित जिल्ला		शाखा कार्यालयहरुको विवरण	
	जिल्ला संख्या	जिल्लाको विवरण	शाखा संख्या	शाखाको विवरण
कोशी प्रदेश	२	सुनसरी, उदयपुर	२	झुम्का, लालबजार
मधेस प्रदेश	७	बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा	२६	कलैया, निजगढ, कोल्हवी, बरियारपुर, सिम्रौनगढ, सिमरा, आदर्शकोतवाल, फेटा, कठहरिया, चन्द्रनिगाहपुर, शिवनगर, गौर, शुकदेवचोक, लौकाहा, लालबन्दी, बरहथवा, बर्दिबास, जलेश्वर, रामगोपालपुर, गौशला, बहुवारी, मनवा, पोखरिया, महेन्द्रनगर, धनुषाधाम, बिष्णुपुर
बागमती प्रदेश	११	काठमाडौं, ललितपुर, मकवानपुर, धादिङ, नुवाकोट, चितवन, काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली,	१६	सिन्धुली, दुधौली, चित्रासरी, जमुनापुर, हर्दि, महांकाल, बनेपा, कोशिपारी, चरिकोट, बट्टार, कुलेखानी, भिरकोट, एक्लेफाँट, भिमटार, ठोसे, गोदामचौर
गण्डकी प्रदेश	१	पूर्वी नवलपरासी	३	गैडाकोट, कोल्हुवा, दुम्किबास
लुम्बिनी प्रदेश	६	पश्चिम नवलपरासी, कपिलवस्तु, रुपन्देही, दाङ, बाके, बर्दिया	१०	सरावल, अहिरौली, भुजौली, चन्द्रौटा, देउपुर, दुलैया, मनकामनापुर, कौशिलापुर, देउडाकला, शाहिपुर
कर्णाली प्रदेश	१	सुर्खेत	१	शुभघाट
सुदूरपश्चिम प्रदेश	२	कैलाली, कंचनपुर	३	चौरी, गुलरिया, भाँसी
जम्मा	३०		६१	

३. संस्थाद्वारा प्रवाह गरिएको वित्तीय तथा गैर वित्तीय सेवा :

३.१ वित्तीय सेवा अन्तर्गत :

■ कर्जा सेवा

क्र.सं.	कर्जाको प्रकार	व्याजदर	अधिकतम् सिमा	सेवा शूल्क
१	कृषि तथा पशुपालन कर्जा (धितो तथा विना धितो)	१५%	विना धितो रु. ५ लाख सम्म र धितोमा रु. १५ लाख सम्म	१.५ %
२	व्यवसाय प्रवर्द्धन कर्जा	१५%	व्यवसाय प्रवर्द्धन बचत खाता मौज्दातको तीन गुणासम्म रु. १ लाख ५० हजारमा नबढ्ने गरि	१.५ %
३	वैकल्पिक उर्जा कर्जा	१५%	रु. १ लाख सम्म	१.५ %
४	लघुउद्यम कृषि तथा व्यवसायिक कर्जा	१५%	विना धितो रु. ५ लाख सम्म र धितोमा रु. १५ लाख सम्म	१.५ %
५	शैक्षिक कर्जा	१५%	विना धितो रु. ३ लाख सम्म र धितो रु. १० लाख सम्म	१.५ %
६	घर निर्माण कर्जा	१५%	धितो रु. १५ लाख सम्म	१.५ %
७	वैदेशिक रोजगार कर्जा	१५%	विना धितो रु. २ लाख सम्म र धितो रु. ७ लाख सम्म	१.५ %
८	आधारभुत घरायसी उपकरण कर्जा	१५%	विना धितो रु. २ लाख सम्म	१.५ %
९	आर्जनमुखी सवारी कर्जा	१५%	विना धितो रु. ५ लाख सम्म	१.५ %
१०	सीप प्रवर्द्धन कर्जा	१५%	विना धितो रु. ५ लाख सम्म र धितो रु. १५ लाख सम्म	१.५ %
११	चाडपर्व कर्जा	१५%	विना धितो रु. १० हजार सम्म	१.५ %
१२	सजिलो कर्जा	१५%	विना धितो रु. ३० हजार सम्म	१.५ %
१३	स्वास्थ्य कर्जा	१५%	विना धितो रु. २० हजार सम्म	१ %

■ बचत सेवा

क्र.सं.	बचतको प्रकार	व्याजदर	बचत गर्ने रकम र अवधि
१	अनिवार्य बचत	७.५%	प्रत्येक महिना रु. १००/- को दरले
२	स्वास्थ्य बचत	७.५%	सदस्यको इच्छा अनुसार प्रत्येक महिना रु. ४०/- को दरले
३	केन्द्र कोष बचत	७.५%	केन्द्र व्यवस्थापनको लागि प्रत्येक महिना रु. ५/- को दरले
४	ऐच्छिक बचत	७.५%	चाहेको रकम जुनसुकै बेला जम्मा गर्न र फिर्ता गर्न सकिने
५	भविष्य सुरक्षा बचत	७.५%	रु. २०००/- मा खाता खोल्न सकिने त्यसपछि सदस्यको प्रकार बमोजिम बचत गर्दै जानु पर्ने
६	ट्रान्जेक्सन लिङ्क खाता	४.५%	सदस्यले किस्ताको म्याद अगाडि बुझाएको किस्ता रकम जम्मा गरिने
७	सजिलो बचत	७.५%	सदस्यले आफ्नो इच्छा अनुसार रु. १५०/- को दरले
८	व्यवसाय प्रवर्द्धन बचत	७.५%	रु. २,०००/- मा खाता खोलि आवश्यकता अनुसार रकम जम्मा गर्न र झिक्न सकिने
९	चाडपर्व बचत	७.५%	सदस्यले आफ्नो इच्छा अनुसार प्रत्येक महिना रु. २५/- को दरले
१०	सिर्जनशील बालयुवा बचत	७.५%	रु. १००/- मा खाता खोल्न सकिने
११	समता स्वर्णिम बचत	१०.२५%	ने.रा.बैंकको पछिल्लो निर्देशन अनुसार हाल यस प्रकारको नयाँ बचत योजना बन्द गरिएको ।

■ **लघु बीमा**

क्र.सं.	बीमाको प्रकार	प्रिमियम शूल्क	बीमा दावी शर्त	सहकार्य एजेन्सी
१	**लघुवित्त तथा विपन्न वर्ग कर्जा बीमा**	कर्जा रकमको वार्षिक ०.४०७ प्रतिशतको दरले	बीमा अवधि भित्र सदस्यको असामयिक निधन भएमा शत् प्रतिशत, दुर्घटनाबाट निधन भएमा थप १०० प्रतिशत बीमाङ्क रकम र काजकृया वापत निजको परिवारलाई कर्जा रकमको ३० प्रतिशत वा रु. २५,००० मध्ये जुन कम हुन्छ सो रकम उपलव्ध हुने ।	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
२	**लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण बीमा**	कर्जा रकमको वार्षिक ०.४ प्रतिशतको दरले	बीमा अवधि भित्र सदस्यको निधन भएमा बाँकी रहेको कर्जाको शत् प्रतिशत र कर्जाको भाका नाघेर खराव कर्जामा परिणत भएमा बाँकी कर्जाको ७५ प्रतिशत रकम उपलव्ध हुने ।	निक्षेप तथा कर्जा सुरक्षण कोष

३.२ गैर वित्तीय सेवा अन्तर्गत :

वित्तीय संस्थाले वित्तीय सेवाको अलावा आफ्नो ग्राहक सदस्यहरुको हित हुने गरी विभिन्न गैर वित्तीय क्रियाकलापहरु संचालन गर्दै आइरहेको छ भने संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राखी अघि बढिरहेको छ ।




४. सदस्यको प्रकार :

सदस्यहरुको कर्जा सदुपयोगिता, पछिल्लो कर्जा तिरेको इतिहास, बचत गर्ने बानी र सदस्यता अवधीको आधारमा सदस्यहरुलाई देहाय बमोजिम चार प्रकारमा विभाजन गरि सोही अनुरुपको कर्जा सेवा तथा अन्य सुविधाहरु उपलब्ध गराउने व्यवस्था रहेको छ ।


क्र.सं.	सदस्यको प्रकार	संकेत
१.	साधारण सदस्य (General Member)	
२.	सिल्वर सदस्य (Sliver Member)	★
३.	गोल्डेन सदस्य (Golden Member)	★ ★
४.	डायमण्ड सदस्य (Diamond Member)	★ ★ ★

५. विगत देखि हालसम्म कार्यक्रमगत झलक :


५.१ आवद्ध ग्राहक सदस्य :




५.२ ऋणी सदस्य :




५.३ कर्जा लगानी (रु. हजारमा) :




५.४ निक्षेप संकलन (रु. हजारमा) :




५.५ कूल चुक्ता पूँजीमा भएको परिवर्तन (रु. हजारमा)




५.६ जगेडा तथा अन्य कोष (रु. हजारमा)



५.७ खुद मूनाफा (रु. हजारमा)



५.८ लाभांश वितरण- नगद तथा बोनस शेयर (%)



६. नवौं बार्षिक साधारणसभा प्रयोजनको लागि प्रकाशित सार्वजनिक सूचना :

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोक

नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/११/१९ गते

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०७९ फागुन १२ गते शुक्रवारको दिन बसेको सञ्चालक समितिको १३९ औ बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान

मिति : २०७९/१२/११ गते शनिवार तदनुसार मार्च २५, २०२३

समय : बिहान ११:३० बजे,

स्थान : हिमालयन दृश्य रिसोर्ट, धुलिखेल ।

छलफल तथा निर्णयका लागि निर्धारित बिषयसूची

क. सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/०८० को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरि निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको वाह्य लेखापरीक्षक एल.एस.पि. एसोसियट्स, ललितपुरको नियमानुसार कार्यअवधि पुरा भएकोले नयाँ लेखापरीक्षक नियुक्ति स्वीकृति गर्ने)

४. आर्थिक वर्ष २०७९/०८० को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट २०७९ असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को ३ प्रतिशतले हुन आउने रकम १,०२,८२,३२५.७६ (अक्षरेपी एक करोड दुई लाख बयासी हजार तिन सय पच्चिस दशमलव सात छ रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई मिति २०७८/०१/०२ गते देखि एकीकृत वित्तीय कारोवार शुरुवात गरिएको हुँदा एकीकृत कारोवार मिति देखि दुई वर्ष सम्म लाभांशमा कर छुट हुने व्यवस्थाको कारण हाल लाभांशकर प्रयोजनार्थ छुट्टै रकम नछुट्याइएको साथै उक्त मिति भन्दा पछि शेयर खरिद गर्ने शेयरधनीहरुले लाभांशकर नियमानुसार भुक्तानी गर्नुपर्ने)

ख. विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट २०७९ असार मसान्तसम्म कायम कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को १५ प्रतिशतले हुन आउने रकम रु. ५,१४,११,६२८.८०(अक्षरेपी पाँच करोड चौध लाख एघार हजार छ सय अट्ठाईस दशमलव आठ शून्य रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. समता घरेलु लघुवित्त वित्तीय संस्था लि. र स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समझदारीपत्र तथा मर्जर सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी, तदर्थ संचालक समितिमा वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन प्रस्ताव अनुमोदन, गाभ्ने/गाभिने कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम तथा संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव लगायत मर्जरसँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।

३. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ४ र ५ मा वित्तीय संस्थाको उद्देश्य र उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने ।

४. संचालक समितिका अध्यक्ष तथा संचालकहरुले पाउने भत्ता तथा सुविधा सम्बन्धमा संस्थाको नियमावलीमा आवश्यक संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सूझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

सञ्चालक समितिको आज्ञाले,

.....

कम्पनी सचिव

ग. विविध

साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिएको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको बिहान १०:३० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ ।

२. वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांस प्रयोजनको शेयर लागि संस्थाको शेयर दाखिला खारेजको काम मिति २०७९/१२/०१ गते बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि.मा मिति २०७९/१२/०१ गते भन्दा अघिल्लो दिनसम्म कारोवार भई संस्थाको शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर नगद लाभांस पाउन योग्य हुनेछन् ।

३. शेयरधनी महानुभावहरुको सुविधालाई ध्यानमा राखि वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकबाट वा वित्तीय संस्थाको वेबसाइट www.samata.org.np बाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनरोध छ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्बन्धीत समुह कै शेयरधनीको नाममा प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरि केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकमा सभा शुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्बन्धीत समुहको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु भएमा यस अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केहि शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्त बदर गरिपाऊँ भनि शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ, पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहानु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

११. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवदेन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयबाट उपलब्ध हुनेछ ।

१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकको फोन नं. ०११-५९७००० सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

नवौं वार्षिक साधारण सभामा
सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत

आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन

७. आर्थिक वर्ष २०७८/०७९ को विस्तृत वार्षिक प्रतिवेदन :

आदरणीय शेयरधनी महानुभावहरु,

यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको गरिमामय नवौं वार्षिक साधारण सभामा उपस्थित् सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधि, पत्रकार एवम् आमन्त्रित अतिथी ज्यूहरुलाई म स्वयम् तथा सञ्चालक समितिको तर्फबाट समेत हार्दिक स्वागत तथा अभिवादन गर्दछु । यस संस्थाको आर्थिक बर्ष २०७८/०७९ मा भएको कारोबारहरुको समिक्षा गरि भावि नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्न यहाँहरुले सदा झै मार्गदर्शन गर्नुहुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु । यस सभामा आर्थिक वर्ष २०७८/०७९ को कारोवारको सिंहावलोकन, संस्थाले हासिल गरेको प्रगति, प्राप्त उपलब्धीहरु, संस्था संचालनमा भोग्नु परेका चुनौतीहरु एवम् आगामी अल्पकालिन तथा दीर्घकालिन योजनाहरु र समग्र वित्तीय कारोवारको समिक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, लगायत प्रचलित कानून तथा नेपाल राष्ट्र बैकद्वारा जारी आर्थिक वर्ष २०७८/०७९ को मौद्रिक नीति, "घ" वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ साथै समय सापेक्ष जारी गरिएका निर्देशनहरुको अधिनमा रहि तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट संस्थाको नवौं वार्षिक साधारण सभामा यहाँहरु समक्ष पेश गर्न अनुमति चाहन्छु साथै यसमा आवश्यक सूझाव सहित समर्थनको लागि समेत अनुरोध गर्दछु ।

७.१ वित्तीय कारोवार तथा मूख्य क्रियाकलापहरुको सिंहावलोकन :

यस वित्तीय संस्थाले आर्थिक वर्ष २०७८/०७९ को अन्त्य सम्ममा नेपाल अधिराज्यको सात वटै प्रदेशमा शाखाहरु विस्तार गरि वित्तीय संस्थाको प्रतिनिधित्व गराउन सफल भएको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु । सात वटा प्रदेश अन्तर्गतको ३० जिल्लाहरुमा कुल ६१ वटा शाखा कार्यालयहरु मार्फत ५९,५०९ ग्राहक सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ । संस्थाले आर्थिक वर्ष २०७८/०७९ को अन्त्य सम्ममा ग्राहक सदस्यहरुबाट रु. १ अर्व २० करोड २६ लाख ५५ हजार ७ सय ३७ रुपैया बराबरको निक्षेप संकलन गरेको छ भने ३७,१२१ जना ऋणी सदस्यहरुलाई कूल रु. ३ अर्व ४० करोड ९७ लाख ५९ हजार १ सय ७ रुपैया बराबरको कर्जा लगानी गरेको छ ।

विगतमा कोरोना भाईरस (कोभिड-१९) को महामारीले सिर्जना गरेको असहज परिस्थितिले समग्र राज्य कै अर्थतन्त्रमा नकारात्मक प्रभाव पारिरहँदा हाल आएर परिस्थिति सामान्य बन्दै समग्र अर्थतन्त्रमा क्रमिक रुपमा सुधार हुँदै आईरहेको भएता पनि विगतको असहज परिस्थितिको प्रभावको कारण वित्तीय संस्थामा आवद्ध गरिब तथा पिछडिएको ग्राहक सदस्यहरुको दैनिक आर्थिक तथा सामाजिक अवस्थामा भने अझै पनि अपेक्षित सुधार भई नसकेको यथार्थ हामी माझ सर्वविदितै छ । समिक्षा वर्षमा वित्तीय बजारमा देखिएको चरम तरलताको अभाव सँगै बैंक तथा वित्तीय संस्थाहरुको थोक बिपन्न कर्जाको वार्षिक व्याजदर अत्याधिक मात्रामा बृद्धि भई हाल यस वित्तीय संस्थाको बैंक तथा वित्तीय संस्थाहरुको थोक बिपन्न कर्जाको वार्षिक औषत व्याजदर करिब १२ प्रतिशत कायम रहँदा (गत आ.व. २०७७/०७८ को यहि अवधिमा वार्षिक औषत व्याजर ५।५३ प्रतिशत कायम रहेको र समिक्षा अवधिमा करिब ११७ प्रतिशत वार्षिक व्याजदर बृद्धि हुन आएको) वित्तीय संस्थाद्वारा ग्राहक सदस्यहरुलाई प्रवाह गरिने कर्जा लगानीको व्याजदर भने नेपाल राष्ट्र बैंकद्वारा तोकिएको वार्षिक १५ प्रतिशत व्याजदर नै कायम हुँदा संस्थाको वित्तीय आम्दानीमा प्रत्यक्ष असर पारेको छ । साथै, समिक्षा अवधिमा २० वटा नयाँ शाखाहरु बिस्तार गरेसँगै सो शाखाको आर्थिक तथा प्रशासनिक खर्चहरु बृद्धि हुन गएको, त्यसैगरि लघुवित्त क्षेत्रमा देखिएको विभिन्न समस्या एवम् चुनौतीहरु साथै संभावित कर्जा जोखिमलाई मध्यनजर गर्दै रु. ७,६९,९७,९२०।१५ रुपैंया बराबरको अतिरिक्त कर्जा नोक्सानी व्यवस्था कायम गरि कर्जा जोखिमलाई केहि

हदसम्म न्यूनीकरण गरिदा समिक्षा वर्षमा वित्तीय संस्थाको खुद मूनाफा रु. २ करोड ६ लाख ४३ हजार ५ सय १९ रुपैया मात्र कायम हुन गएको व्यहोरा समेत गरिमामय सभालाई अवगत गराउँन चाहन्छु ।

उल्लेखित आन्तरिक तथा बाह्य समस्या एवम् चुनौतीहरुको बाबजुद वित्तीय संस्थाले आफ्ना ग्राहक सदस्यहरुसँगको निरन्तर सम्पर्क समन्वयलाई जोड दिदैँ समिक्षा वर्षमा असुली हुनुपर्ने साँवा र व्याज धेरै हदसम्म असुल उपर भई निष्क्रिय कर्जाको अनुपात लगायत अन्य मूख्य वित्तीय सूचकहरु जस्तैः निक्षेप संकलन, कर्जा लगानी, सदस्य बृद्धि आदिमा भने सकारात्मक बृद्धि भएको छ । साथै आगामी दिनहरुमा थप सतर्क एवम् उर्जाशिल भई वित्तीय संस्थाको कार्य अघि बढाउने तर्फ संचालक समिति तथा व्यवस्थापन पक्ष गम्भिर रहेको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु ।

समिक्षा वर्षमा नेपाल राष्ट्र बैंकको निर्देशानुसार जगेडा तथा अन्य कोषहरुमा आवश्यक रकम व्यवस्था गर्नुका साथै शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै सञ्चालक समितिले आर्थिक वर्ष २०७८/०७९ सम्मको बितरणयोग्य मूनाफाबाट २०७९ असार मसान्तमा कायम कुल चुक्ता पुँजी रु. ३४ करोड २७ लाख ४४ हजार १ सय ९२ रुपैयाको १५ प्रतिशत बोनस शेयर र ३ प्रतिशत नगद लाभांश प्रस्ताव समेत गरेको छ । तत् पश्चात् संस्थाको कुल सञ्चित मुनाफामा रु. १,८७,३२७ मौज्दात कायम रहेको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु । साथै, चालु आर्थिक वर्षमा हाल संचालित शाखाहरुको क्षमता अभिबृद्धि सँगै व्यवसाय विस्तार तथा नियमित कर्जा असुली, प्रचलित नीति नियमहरुको परिपालना आदिमा विशेष ध्यान दिनुको साथै वित्तीय बजारको अवस्थालाई दृष्टिगत गरि थप नयाँ शाखाहरु समेत विस्तार गर्ने रणनीतिक योजना सहित सोको उत्कृष्ट कार्यान्वयन मार्फत वित्तीय संस्थाको समग्र वित्तीय सूचकहरुमा अपेक्षित सुधार ल्याई संस्थाको छविलाई थप उचाईमा पुऱ्याउन साथै शेयरधनीहरुलाई उचित लाभांश प्रदान गर्न यस वित्तीय संस्था सक्षम रहने व्यहोरामा संञ्चालक समिति विश्वस्त रहेको छ ।

ग्राहक सदस्यहरुको हक हित एवम् संरक्षणलाई मध्यनजर गर्दै आवश्यक संशोधन सहित ग्राहक संरक्षण कोष कार्यविधि २०७८ लागू गरि सोहि अनुसार कार्यान्वय प्रक्रिया अघि बढाउँदै आईरहेको व्यहोरा यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु । समिक्षा अवधिमा संस्थाले आवद्ध ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धिको लागि वित्तीय क्रियाकलापको साथ साथै गैर वित्तीय क्रियाकलापहरु जस्तै वित्तीय साक्षरता, सीप विकास तालिम आदिलाई समेत विशेष प्राथमिकताका साथ अघि बढाइरहेको छ । त्यसै गरि संस्थाको सामाजिक उत्तरदायित्वलाई प्रभावकारी ढंगले अघि बढाउन आवश्यक संशोधन सहित संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन निर्देशिका २०७८ लागू गरि सोहि अनुसार कार्यान्वयन प्रक्रिया अघि बढाउँदै आईरहेको छ । समिक्षा अवधिमा ग्रामीण समुदायको मानिसहरुलाई वित्तीय रुपमा साक्षर बनाउने उद्देश्यले संस्थाको तालिम प्राप्त सहजकर्ताहरुले करिब ९,०९२ जना लक्षित वर्गलाई वित्तीय सचेतना कार्यक्रम संचालन गरेको व्यहोरा समेत यस गरिमामय वार्षिक साधारण सभालाई अवगत गराउन चाहन्छु ।

अब म आर्थिक वर्ष २०७८/०७९ मा भएको कार्यक्रम विस्तार तथा संस्थाको मूख्य वित्तीय सूचकहरुमा देखिएको परिवर्तनहरु बारे यस सभालाई संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

क्र.सं	विवरण	इकाई	२०७८ असार मसान्तसम्म	२०७९ असार मसान्तसम्म	फरक
कार्यक्षेत्र तथा कार्यक्रम विस्तार :					
१	कार्यक्षेत्र जिल्ला	संख्या	१८	३०	६७%
२	शाखा कार्यालय	संख्या	४१	६१	४९%
३	ग्राहक सदस्य	संख्या	४६,१४५	५९,५०९	२९%
४	केन्द्र	संख्या	३,२८८	४,८५८	४८%
५	समुह	संख्या	१०,९७६	१४,२६४	३०%
६	ऋणी सदस्य	संख्या	३१,३६२	३७,१२१	१८%

क्र.सं	विवरण	इकाई	२०७८ असार मसान्तसम्म	२०७९ असार मसान्तसम्म	फरक
प्रमुख वित्तीय सूचकहरु :					
१	लगानीमा रहेको कर्जा	रु.	२,७१०,७७२,१६७	३,४०,९७,५९,१०७	२६%
२	कुल चुक्ता पूँजी	रु.	३४,२७,४४,१९२	३९४,१५५,८२१	१५%
३	सदस्यको बचत	रु.	९३७,०००,१९७	१,२०२,६५५,७३७	२८%
४	तिर्न बाकी कर्जा सापट	रु.	१,४०५,३६१,८६३	१,७४६,६२०,८८७	२४%
५	व्याज खर्च	रु.	१२९,९६०,७१३	२३४,७२४,७११	८१%
६	कर्मचारी खर्च	रु.	५२,१११,७२९	१०,९३,४५,७४६	११०%
७	अन्य संचालन खर्च	रु.	२७,०९८,४६२	४७,९९६,८६१	७७%
८	कर्जा नोक्सानी व्यवस्था (अतिरिक्त कर्जा नेक्सानी व्यवस्था सहित)	रु.	४०,८९४,८८२	१२७,३२७,६४६	२२१%
९	खुद मुनाफा	रु.	१०४,४१२,३३६	२०,६४३,५१९	-८०%
१०	पुँजीकोष अनुपात	प्रतिशत	१५.९८%	१२.८९%	-३.०९%

७.२ मानव संसाधन व्यवस्थापन तथा क्षमता अभिवृद्धि :

संस्थाको व्यवस्थापनमा वित्तीय क्षेत्रमा लामो अवधिको अनुभव हासिल गरि सकेका योग्य, दक्ष कर्मचारीहरु रहेका छन् । कर्मचारीहरु संस्थाको मेरुदण्ड हुन् भन्ने मान्यतालाई आत्मसात् गरि उहाँहरुको क्षमता अभिवृद्धि तथा बृत्ति विकासको लागि समय सापेक्ष विभिन्न तहका कर्मचारीलाई आवश्यक आन्तरिक तथा बाह्य तालिम तथा प्रशिक्षण संस्थाले दिदैँ आइरहेको छ । कर्मचारी सेवा विनियमावली २०७८ मा भएको व्यवस्था बमोजिम कार्यरत कर्मचारीहरुको कार्यक्षमता मुल्यांकनको आधारमा सरुवा, बढुवा एवम् अन्य सुविधाहरु बृद्धि गर्ने गरि कार्यान्वयन प्रक्रिया अघि बढाउँदै आइरहेको छ । यसका अतिरिक्त संस्था सदैव योग्य, दक्ष, लगनशील तथा इमान्दार कर्मचारीहरु नियुक्त गर्न र त्यस्ता योग्य कर्मचारीहरुलाई संस्थाको सेवामा कायमै राख्न उत्प्रेरित गर्नमा प्रतिवद्ध रहदैँ आएको छ । कर्मचारीहरुको क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखि बार्षिक Training Calender तयार गरि आन्तरिक तथा बाह्य तालिम तथा गोष्ठीहरु संचालन गर्दै आइरहेको व्यहोरा यस गरिमामय सभालाई अवगत गराउँन चाहन्छु ।

समिक्षा अवधिमा नियमानुसार गत वर्षको कर्मचारीको कुल तलब भत्ताको कम्तिमा ३ प्रतिशत अर्थात् रु. १३ लाख ४० हजार ५ सय ६७ रुपैया र विगतमा नियमानुसार खर्च हुन नसकी कर्मचारी दक्षता अभिवृद्धि कोषमा कायम रु. १ लाख ३२ हजार ४ सय ८२ रुपैया समेत गरि कुल १४ लाख ७३ हजार ४९ रुपैया कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिमा खर्च गर्नुपर्नेमा समिक्षा अवधिमा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने अभिप्रायले आन्तरिक तथा बाह्य तालिममा रु. २३ लाख ६ हजार ८० रुपैया खर्च गरिएको छ। जुन गत वर्षको कुल कर्मचारीको तलब भत्ताको ५।१६ प्रतिशत रहेको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु ।

अब म आर्थिक वर्ष २०७८/०७९ मा कायम मानव संसाधन संरचना र क्षमता अभिवृद्धि सम्वन्धी क्रियाकलापहरु बारे संक्षिप्तमा देहाय बमोजिम जानकारी गराउँन चाहन्छु ।

■ मानव संसाधन संरचना :

क्र.सं.	तह/श्रेणी	जनशक्ति संख्या
१	व्यवस्थापकीय श्रेणी	४
	प्रमुख कार्यकारी अधिकृत	१
	नायव प्रमुख कार्यकारी अधिकृत	१
	प्रवन्धक	१
	सहायक प्रवन्धक	१
२	अधिकृत श्रेणी	१६
	बरिष्ठ अधिकृत	४
	अधिकृत	१
	सहायक अधिकृत	२
	कनिष्ठ अधिकृत	९
३	सहायक श्रेणी	२५६
	बरिष्ठ सहायक	११
	सहायक	२१
	कनिष्ठ सहायक	१०९
	बरिष्ठ प्रशिक्षार्थी	३६
	प्रशिक्षार्थी	७९
५	सहयोगी तह/श्रेणी	६१
	कार्यालय सहयोगी	६०
	चालक	१
	जम्मा	**३३७**

■ कर्मचारी क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरुको विवरण :

क्र.सं.	तालिम/सेमिनार/कार्यशाला गोष्ठी	तालिम प्रदायक संस्था	आन्तरिक/बाह्य	तालिम संचालन स्थान/माध्यम	सहभागी संख्या
1	Income Tax- Practical Aspect for Banking Professionals	Banking Taining Institution(BTI)	External	Virtual Taining	3
2	Managing Monitoring and Supervision for Microfinance	National Banking Institute Ltd	External	Virtual Taining	5
3	Risk Based Internal Audit	Institute of Banking Studies Pvt. Ltd.	External	Virtual Taining	3
4	Enhancing NFRS Implementation Mantra -1	Shrawan Kumar Support Pvt. Ltd.	External	Hotel Yellow Pagoda, Kantipath, Kathmandu	4
5	Enhancing NFRS Implementation Mantra -8	Shrawan Ku mar Support Pvt. Ltd.	External	Hotel Pauwa, Children Park, Bhairahawa	2

6	Effective Branch Management	Banking Taining Institution(BTI)	External	Hotel Simara, Near Airport, Simara	11
7	Enhancing IT Security System Mantra-1	Shrawan Kumar Support Pvt. Ltd.	External	Hotel Yellow Pagoda, Kantipath, Kathmandu	1
8	Enhancing Reporting Mantra - 9	Shrawan Kumar Support Pvt. Ltd.	External	Hotel Yellow Pagoda, Kantipath, Kathmandu	1
9	Fraudulent Behavior with Documentry Forgery In MFIs	Banking Taining Institution(BTI)	External	New Baneshwor Kathmandu, Head Office	6
10	Effective Branch Management and Credit Risk Management Practices in the time of Crisis	Banking Taining Institution(BTI)	External	New Baneshwor Kathmandu, Head Office	8
11	Credit & Operation Risk Management In MFIs	Banking Training Institute P. Ltd	External	Hotel Sneha, Nepalgunj	9
12	सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कबादी क्रियाकलाप वित्तीय लगानी नियन्त्रण सम्बन्धमा	Nepal Rastra Bank	External	Hotel Pujan Pvt. Ltd, Adarsanagar, Birgunj	1
13	Effective Branch Management and Credit Management Practices in the time of Crisis	Banking Training Institute P. Ltd	External	Hotel Parthibhara International, Itahari	2
14	NPL Management focused Branch Management and Credit Risk Management Practices in the time of Crisis	Banking Training Institute P. Ltd	External	Hotel Tulip Driver Tole, Butwal	9
15	Information Security & IT Risk	Institute of Banking and Insurance Studies Pvt. Ltd.	External	Indreni Foodland, New Baneshwor	1
16	Company Secretory: Roles and Responsibilities	National Banking and Institute	External	Hotel Aloft, Kathmandu	1
17	Enhancing Planning & Budgeting Mantra-2 (Non Residential)	Shrawan Kumar Support	External	Hotel Yellow Pagoda, Kantipath, Kathmandu	1
18	Credit Management & Loan Recovery at MFIs from Leadership perspective	RSDC Laghubitta Bittiya Sanstha Ltd.	External	Dreamland Gold Resort, Manigram, Rupandehi	1
19	Financial Literacy ToT	Samata Gharelu MFI	Internal	Dhulikhel	**70**
	Total				**139**

७.३ सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको बैदेशिक तालिम, अध्ययन तथा अवलोकन भ्रमण :

आर्थिक वर्ष २०७८/०७९ मा प्रमुख कार्यकारी अधिकृत तथा संचालकहरुको बैदेशिक तालिम, अध्ययन तथा अवलोकन भ्रमण नभएको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु। यद्यपी, समिक्षा अवधिमा श्री श्रवण कुमार प्राइभेट लि. द्वारा काठमाण्डौंमा आयोजित संचालक शिक्षा कार्यक्रममा अध्यक्ष श्री डम्मरमणि थेवे लिम्बु लगायत सम्पूर्ण संचालकहरु सहभागि हुनुभएको व्यहोरा समेत यस सभालाई अवगत गराउन चाहन्छु। समिक्षा वर्षमा संचालकहरुको तालिम तथा भ्रमण शिर्षकमा रु. ५६ हजार ४ सय २३ रुपैया खर्च भएको छ।

७.४ प्रविधिको विकास :

समिक्षा अवधिसम्ममा संस्थाले वित्तीय कारोवारहरुलाई छिटो छरितो एवम् चुस्त दुरुस्त राख्नको लागि सफ्टवेयर सेवा प्रदायक कम्पनी इन्फो डेभलपर्स प्रा. लि. सँग सहकार्य गरि सोहि कम्पनी कै Cloud मा Online प्रविधिको Web Based Empower Software प्रयोग गर्दै आइरहेको भएता पनि वित्तीय संस्थाको आवश्यकतालाई दृष्टिगत गरि २०७९ श्रावण १ गते देखि संस्थाको सम्पूर्ण वित्तीय कारोवारहरु लगायत जनशक्ति व्यवस्थापन अन्तर्गत कर्मचारीहरुको कार्यसम्पदान मुल्यांकन, बिदाको रेकर्ड व्यवस्थापन त्यसै गरि स्थिर सम्पत्तीको ह्रासकट्टि लगायत मौज्दात व्यवस्थापन, कार्यक्रमगत सम्पूर्ण विवरणहरु एवम् सम्बन्धीत नियामक निकायको आवश्यकता बमोजिमको वित्तीय प्रतिवेदनहरु सरल एवम् सहज तरिकाले उपलव्ध हुने गरि सफ्टवेयर सेवा प्रदायक कम्पनी Synergy Tech Solution Company सँग सहकार्य गरि सो कम्पनीको Core Banking System (Mfin Plus) कार्यान्वयनमा ल्याईएको साथै Data Backup को लागि Himalay Pvt. Ltd. सँग सहकार्य गरि सो कम्पनीको Cloud मा सम्पूर्ण कारोवारहरुको व्यवस्थापन गर्दै आइरहेको छ। वित्तीय संस्थाको Data Backup गरि सुरक्षित राख्ने जिम्मेवारी सेवा प्रदायक कम्पनी Himalay Pvt. Ltd. ले लिएको भएतापनि संस्था स्वयम्ले समेत समय समयमा Data Backup गरी External Hard Disk मा राख्ने कार्य गर्दै आईरहेको छ। साथै, यस सम्बन्धी सम्पूर्ण कार्यहरुलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि छुट्टै सूचना तथा प्रविधि (आईटि) विभाग खडा गरि अनुभवि जनशक्तिहरु नियुक्ति गरि व्यवस्थापन गर्दै आइरहेको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु।

केन्द्रीय कार्यालय देखि सर्म्पूण शाखा कार्यालयहरुमा सिसि क्यामेरा जडान गरि हुन सक्ने सम्भावित जोखिमका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने प्रयास संस्थाले गरिरहेको छ। संस्थाको अनुगमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउनको लागि Online Reporting Sytem मार्फत सरल एवम् सहज तरिकाले प्रतिवेदन तयार गरि आवश्यक विश्लेषण गर्ने परिपाटीको समेत विकास भएको छ। संस्थाले स्थापनाकाल देखि प्रयोगमा ल्याएको आफ्नो Website लाई सर्वसाधारणको सरल सहज पहुँच, संस्थाको सम्पुर्ण जानकारी सहज रुपमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छ भने डिजिटल/भर्चुअल प्रविधि मार्फत शाखाको मासिक तथा त्रैमासिक प्रगति समिक्षा बैठक संचालन गर्ने, सञ्चालक समिति तथा उपसमितिहरुको बैठक यसै मार्फत संचालन गरि प्रविधिमैत्री हुने परिपाटीको विकास गर्नुको साथै यसमा हुन सक्ने संभावित प्रशासनिक खर्चहरुलाई व्यवस्थित गर्दै आईरहेको व्यहोरा समेत यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु।

७.५ सञ्चालक समितिमा भएको हेरफेर :

साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्यसम्पन्न पश्चात् बनेको तदर्थ सञ्चालक समितिको नियमानुसार पदावधी समाप्त भई मिति २०७८ पौष ७ गते सम्पन्न आठौँ वार्षिक साधारण सभाले वित्तीय संस्थाको नियमावलीको परिच्छेद ४ को नियम २७ मा भएको व्यवस्था बमोजिम आगामी चार वर्षको लागि १ महिला सहित जम्मा ६ जना (संस्थापक शेयरधनीको तर्फबाट ४ जना र सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना) सञ्चालकहरु निर्वाचित भई बसेको सञ्चालक स्तरिय बैठकले श्री डम्मर मणि थेवे लिम्बु (संस्थापक) ज्यूलाई अध्यक्षमा मनोनित गर्नुको साथै सो बैठकले नियमानुसार स्वतन्त्र सञ्चालकमा श्री निरंजन पराजुली ज्यूलाई नियुक्ति प्रदान गरेसँगै देहाय अनुसार सञ्चालक समिति गठन भई कार्यान्वयनमा रहेको व्यहोरा यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु।

सञ्चालक समितिको विवरण :

क्र.सं.	सञ्चालकको नाम, थर	पद	प्रतिनिधित्व समुह
१.	श्री डम्मर मणि थेबे लिम्बु	अध्यक्ष	संस्थापक
२.	श्री राजेश्वरप्रसाद आचार्य	संचालक	संस्थापक
३.	श्री विश्वराम खड्का	संचालक	संस्थापक
४.	श्री हरि बहादुर भण्डारी	संचालक	संस्थापक
५.	श्री भक्तराम खड्का	संचालक	सर्वसाधारण
६.	श्री अनुपा ओझा	संचालक	सर्वसाधारण
७.	श्री निरंजन पराजुली	संचालक	स्वतन्त्र

आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालक समितिको जम्मा १८ पटक बैठक बसेको र सोको माध्यमबाट महत्वपूर्ण निर्णयहरू लिई संस्थाको व्यवसायिक आवश्यकतालाई सम्बोधन गर्दै आईरहेको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु ।

७.६ संस्थागत सुशासन :

संस्थागत सुशासन कायम राख्ने विषयमा सञ्चालक समिति र व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ । संस्थागत सुशासन संस्थाको काम कारवाहीको मार्गदर्शनको रुपमा रहेको मनन गर्दै सोही अनुरुप सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरि संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूति गराउन संस्था सदैव क्रियाशील छ । वित्तीय संस्थाको सञ्चालक समिति, व्यवस्थापन, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा प्रवर्द्धन गर्न सदैव प्रतिवद्ध रहेको अवगत गराउँदछु । नेपाल राष्ट्र बैंक तथा प्रचलित ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि सञ्चालक समितिले विभिन्न नीति निर्देशिकाहरु निर्माण गरेको छ र उक्त नीति निर्देशनलाई व्यवस्थापन पक्षले कार्यान्वयन गर्दै आईरहेको व्यहोरा सभालाई जानकारी गराउन चाहन्छु ।

७.७ आन्तरिक नियन्त्रण प्रणाली :

साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न पश्चात् बनेको समता घरेलु लघुवित्त वित्तीय संस्था लि. को नाममा साविकमा दुई वित्तीय संस्थाले कार्यान्वयनमा ल्याईएको आन्तरिक नीति नियमहरुमा आवश्यक संशोधन सहित नियमानुसार नेपाल राष्ट्र बैंकद्धारा स्वीकृति लिनुपर्ने मुख्य तिन वटा विनियमावलीहरु जस्तैः कर्मचारी सेवा विनियमावली २०७८, आर्थिक प्रशासन विनियमावली २०७८, कर्जा अपलेखन विनियमावली २०७८ लगायत आन्तरिक रुपमा कार्यान्वयनमा आएको बचत तथा कर्जा निर्देशिका २०७८, आन्तरिक लेखापरीक्षण निर्देशिका २०७८, सञ्चालक शिक्षा कार्यक्रम कार्यविधि २०७८ सहित २५ वटा नीति, कार्यविधि तथा निर्देशिकाहरु पारित गरि कार्यान्वयनको लागि व्यवस्थापन पक्षलाई निर्देशन दिनुको साथै सोको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा समितिद्धारा समय समयमा अनुगमन गर्नुको साथै आवश्यक सल्लाह एवम् सूझावहरु प्रदान गर्दै आईरहेको छ । यस्का साथै संस्थामा आन्तरिक नियन्त्रणको लागि प्रशासनिक नियन्त्रण, बजेटरी नियन्त्रण, कम्प्युटरकृत अभिलेख प्रणाली, नियमित अनुगमन जस्ता उपायका समेत अवलम्वन हुँदै आइरहेको छ । शाखाको नियमित अनुगमन तथा सुपरिवेक्षणको लागि हाल अवस्थित शाखाहरुको भौगोलिक बनावटलाई ध्यानमा राखी सात वटा ईलाकाको व्यवस्था गरि प्रत्येक ईलाकामा अनुगमन अधिकृतहरुको मुकाम राखी माहतका शाखा कार्यालयहरुको नियमित स्थलगत निरीक्षण गर्ने व्यवस्था मिलाइएको छ । केन्द्रीय कार्यालयमा अनुगमन तथा सुपरिवेक्षण विभागको व्यवस्था गरि नियमित रुपमा मातहतका अनुगमन अधिकृत लगायत शाखा कार्यालयहरुको अनुगमन तथा सुपरिवेक्षण गर्नुका साथै बाह्य आन्तरिक लेखापरीक्षक नियुक्ति गरि त्रैमासिक

रुपमा केन्द्रीय तथा शाखा कार्यालयहरुको आन्तरिक लेखापरीक्षणको कार्यलाई निरन्तरता दिईरहिएकोछ । नेपाल राष्ट्र बैंकबाट स्थलगत तथा गैरस्थलगत निरीक्षणको क्रममा भए गरेका निर्देशन एवम् कैफियतहरु तथा बाह्य लेखापरीक्षणको क्रममा देखिएका कैफियतहरुलाई समेत क्रमशः सुधार गर्दै लगिएको छ । आगामी दिनमा त्यस्ता कैफियतहरु नदोहोरिने गरि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त हिसाबले कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु ।

संस्थाले आफ्नो कारोवार तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तथा संस्थागत सुशासन परिपालनाको प्रत्याभूतिका लागि नेपाल राष्ट्र बैंकको निर्देशन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाइएको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु ।

क. लेखापरीक्षण समिति : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री निरंजन पराजुली ज्यूको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गरेको छ । सो समितिको सदस्य सचिव आन्तरिक लेखापरीक्षण विभाग प्रमुख रहने व्यवस्था भएको भएता पनि हाल सो विभागको कार्य बाह्य आन्तरिक लेखापरीक्षक नियुक्ति गरि आन्तरिक लेखापरीक्षण सम्बन्धी कामकारबाही प्रक्रिया अघि बढिरहेको हुँदा अर्को व्यवस्था नभए सम्मको लागि हाललाई सो स्थानमा अनुगमन तथा सुपरिवेक्षण विभागका प्रमुखलाई तोकिएको छ । सो समितिले संस्थाको आर्थिक अवस्थाको समिक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरि संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ । आर्थिक वर्ष २०७८/०७९ मा यस समितिको ६ पटक बैठक बसि आवश्यक निर्णयहरु गरि व्यवस्थापन पक्षलाई आवश्यक सल्लाह, सूझाव एवम् निर्देशन दिइएको छ ।

ख. कर्मचारी सेवा सुविधा समिति : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री राजेश्वरप्रसाद आचार्य ज्यूको संयोजकत्वमा कर्मचारी सेवा सुविधा समिति गठन गरेको छ । सो समितिको सदस्य सचिवमा जनशक्ति व्यवस्थापन विभागका प्रमुख रहेका छन् । संस्थाका आवश्यकता बमोजिम यस समितिको बैठक बसिने हुँदा समिक्षा अवधिमा कुनै पनि बैठक बस्न आवश्यक नरहेको व्यहोरा सभालाई अवगत गराउन चाहन्छु ।

ग. जोखिम व्यवस्थापन समिति : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री हरि बहादुर भण्डारी ज्यूको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरेको छ । सो समितिमा कर्जा जोखिम तथा असुली विभागका प्रमुखलाई सदस्य सचिव तोकिएको छ । समिक्षा अवधिमा यस समितिको ४ पटक बैठक बसेको छ । संस्थाको तरलता, कर्जा, बजार, व्यवस्थापन एवम् सञ्चालन जस्ता जोखिम पहिचान गर्ने र सम्पत्ति दायित्वको सन्तुलन राख्न जोखिम व्यवस्थापन समिति सक्रिय रहेको छ ।

घ. सम्पत्ति शुद्धीकरण अनुगमन समिति : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री विश्वराम खड्का ज्यूको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरेको छ । सो समितिमा प्रशासन विभागका प्रमुखलाई सदस्य सचिव तोकिएको छ । समिक्षा अवधिमा यस समितिको ४ पटक बैठक बसेको छ । संस्थाको आन्तरिक सम्पत्ति शुद्धीकरण अनुगमन कार्यविधि २०७८, प्रचलित कानून र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार सम्पत्ति शुद्धीकरण अनुगमन सम्बन्धमा आवश्यक निर्णयहरु गरि व्यवस्थापन पक्षलाई आवश्यक सल्लाह, सूझाव एवम् निर्देशन दिइएको छ ।

उपरोक्त समितिहरुको क्रियाशिलताले आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजनक रहेको देखिएको व्यहोरा यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु ।

७.८ ग्राहक संरक्षण तथा संस्थागत सामाजिक उत्तरदायित्व कोष :

क. ग्राहक संरक्षण कोष : वित्तीय संस्थाले आफ्नो ग्राहक सदस्यहरुको हित तथा संस्थागत विकासमा खर्च गर्नको लागि प्रत्येक वर्षको नाफाबाट नियमानुसार निश्चित रकम छुट्याई ग्राहक संरक्षण कोष खडा गरेको छ । यसको प्रभावकारी सञ्चालनको लागि अलग्गै ग्राहक संरक्षण कोष सञ्चालन कार्यविधि २०७८ तयार गरि लागू

गरिएको छ। बाढी, पहिरो, आगलागी जस्ता दैवी विपत्तिबाट पिडित ग्राहक सदस्यहरु तथा निजहरुको परिवारको स्वास्थ्य उपचार, निज वा निजको परिवारको सदस्यहरुको मृत्यु, महिला सदस्यहरु सुत्केरी हुँदा केही आर्थिक सहयोग दिन ग्राहक संरक्षण कोषको प्रयोग हुँदै आइरहेको छ। त्यसै गरि ग्राहक सदस्यहरुको लागि आवश्यक सीप तथा आयमूलक तालिम तथा गोष्ठीहरु सञ्चालन गर्नका लागि समेत यसै कोषको प्रयोग गर्ने गरिएको छ। गत आर्थिक वर्ष २०७७/०७८ को खुद मुनाफाको १ प्रतिशतले हुन आउने रकम रु. १०,४४,१२३/- र २० प्रतिशत भन्दा बढि प्रस्तावित लाभांस (नगद र बोनश) को २५ प्रतिशतले हुन आउने रकम रु. ३५,७०,२५२/- गरि कुल रु. ४६,१४,३७५/- ग्राहक संरक्षण कोषमा जम्मा भएको र समिक्षा अवधिमा उक्त रकमको न्यूनतम ५० प्रतिशत रकम ग्राहक संरक्षण अन्तर्गत खर्च गर्नुपर्नेमा रु. २०,१८,६०८/- अर्थात् करिव ४५ प्रतिशत रकम खर्च भएको छ। आगामी दिनमा ग्राहक संरक्षण कोष सञ्चालन कार्यविधि २०७८ को अधिनमा रहि ग्राहकहरुको हकहित हुने गरि कोषमा जम्मा हुन आउने रकमलाई नियमानुसार व्यवस्थित एवम् प्रभावकारी रुपमा खर्च गर्दै अघि बढिने व्यहोरा यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु।

ख. संस्थागत सामाजिक उत्तरदायित्व कोष : वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यलाई प्रभावकारी ढंगले अघि बढाउन छुट्टै संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन निर्देशिका २०७८ तयार गरि लागू गरेको छ।

गत आर्थिक वर्ष २०७७/७८ को खुद मुनाफाको १ प्रतिशतले हुन आउने रकम रु. १०,४४,१२३/- संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको र उक्त जम्मा हुन आएको कुल रकम मध्ये कम्तिमा ५ प्रतिशत रकम लक्षित वर्गलाई हित हुने गरि वित्तीय साक्षरता कार्यक्रमहरु संचालन गर्नुपर्ने प्रावधान रहेकोमा समिक्षा अवधिमा रु. ५,५५,८७७/- (वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम-TOT सहित) अर्थात् करिव ५३ प्रतिशत खर्च हुनुको साथै संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने सन्दर्भमा कुल ५,९०,०७७/- अर्थात् करिव ५७ प्रतिशत समिक्षा अवधिमा खर्च भएको र आगामी दिनमा संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन निर्देशिका २०७८ को अधिनमा रहि संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यलाई थप प्रभावकारी एवम् सक्रियताका साथ अघि बढाउने लक्ष्यका साथ वित्तीय संस्था अघि बढिरहेको व्यहोरा गरिमामय सभालाई अवगत गराउन चाहन्छु।

संस्थागत सामाजिक उत्तरदायित्व कोष अन्तर्गत संचालित वित्तीय साक्षरता कार्यक्रम :

नेपाल राष्ट्र बैंकद्वारा जारी वित्तीय साक्षरता मार्गदर्शन, २०७८ को अधिनमा रहि वित्तीय संस्थाले आर्थिक वर्ष २०७८/०७९ मा लक्षित वर्गलाई वित्तीय रुपमा साक्षर बनाउने उद्देश्यले "केन्द्रीय वित्तीय साक्षरता कार्यक्रम कार्यान्वयन ईकाइ" गठन गरि वित्तीय साक्षरता कार्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने गराउने गरि वित्तीय साक्षरता सन्दर्भ पुस्तिका, २०७८ तयार गरि लागू गरिएको छ। उक्त सन्दर्भ पुस्तिकाको अधिनमा रहि ६१ जना शाखा प्रमुख, ७ जना ईलाका प्रमुख र सम्बन्धीत विभागीय प्रमुखहरु गरि कुल ७० जनालाई मिति २०७८ फागुन २५ गते देखि २७ गते सम्म ३ दिने "वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम" धुलिखेल, काभ्रेपलाञ्चोकमा सम्पन्न गरि आवश्यक कार्ययोजना सहित देहाय अनुसार वित्तीय साक्षरता अभिमुखिकरण कार्यक्रम संचालन गरिएको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउँन चाहन्छु। आर्थिक वर्ष २०७८/०७९ मा संचालित वित्तीय साक्षरता अभिमुखिकरण कार्यक्रम सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छ।

क्र. सं.	लक्षित वर्गको प्रकार	आ.व. २०७८/०७९ को लक्ष्य		लक्ष्य अनुसार प्रगति विवरण	
		कार्यक्रम संख्या	सहभागी संख्या	कार्यक्रम संख्या	सहभागी संख्या
१	नियमित आम्दानी प्राप्त गर्ने (रोजगार)	६१	१,८३०	६४	२,०२४
२	निश्चित आम्दानी नभएका (कृषक, साना उद्यमी)	६१	१,८३०	६५	१,८७१
३	विद्यार्थी (माध्यमिक र उच्च माध्यमिक तहका विद्यार्थी)	६१	१,८३०	४९	१,६५७
४	महिला	६१	१,८३०	६४	१,८२८
५	विप्रेषण प्रापक	६१	१,८३०	५७	१,७१२
	जम्मा	**३०५**	**९,१५०**	**२९९**	**९,०९२**

७.९. कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्बन्ध :

वित्तीय संस्थाले आफ्नो ग्राहक वर्ग, नियमनकारी संस्थाहरु नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, सिडिएससी एण्ड क्लियरिङ्ग लि. लगायत अन्य नियामक निकाय, स्थानीय निकाय, विभिन्न संघ संस्थासँग सदैव पारदर्शिताको आधारमा व्यवसायिक एवम् आत्मीय सम्बन्ध कायम गर्दै वित्तीय सेवा विस्तारको लागि सुमधुर सम्बन्ध कायम गर्दै आएको व्यहोरा गरिमामय सभालाई अवगत गराउन चाहन्छु ।

७.१० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई परेको असर :

यस वित्तीय संस्था प्रति सदस्यहरुले देखाएको सद्भाव, सहयोग एवम् विश्वासका कारण आजसम्म कुनै गम्भिर समस्या व्यहोर्नु परेको छैन । आर्थिक वर्ष २०७६/०७७ को अन्तिम त्रैमास देखि शुरु भएको कोरोना भाइरसको प्रभाव लामो समयसम्म कायम रहँदा यसले समस्त मानवको जनस्वास्थ्य, आर्थिक कारोवार र जीवन शैलीमा नकारात्मक असर पारेको कारण पछिल्लो समयमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र बैठक, कर्जा लगानी, कर्जा असुली, नगद प्रवाहमा समेत असर पारेको देखिएको छ । समिक्षा अवधिमा वित्तीय बजारमा देखिएको चरम तरलताको अभावको कारण संस्थागत कार्ययोजना अनुरुपमा व्यवसाय विस्तार हुन नसकि लक्ष्य अनुसार वित्तीय आम्दानीमा समेत प्रभाव पारेको छ । साथै नियमनकारी निकायबाट हुने नीतिगत परिवर्तन, दैवि विपत्ती लगायत लघुवित्त संस्थाहरुको संख्यात्मक बृद्धिले गर्दा बढ्दो अस्वस्थ प्रतिस्पर्धाका कारण ग्राहक सदस्यहरुको व्यवसायमा वृद्धि हुनुको साटो ऋणको भार वृद्धि हुन गई खराव कर्जा बढ्न सक्ने जोखिम देखिएको छ । यसको बाबजुद सञ्चालक तथा व्यवस्थापन विचको आपसी समन्वय एवम् सहकार्यमा कुशल रणनीतिक कार्ययोजना सहित सफल कार्यान्वयनको कारण यस वर्ष संस्थाको मूनाफा लगायत अन्य महत्वपूर्ण सूचकहरुमा सकारात्मक सुधार ल्याउन सफल भएको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।

७.११ वित्तीय विवरण तथा नाफा नोक्सानको स्थिति :

वित्तीय संस्थाको आर्थिक बर्ष २०७८/०७९ को बैधानिक लेखापरीक्षण सम्पन्न भई सोको वित्तीय विवरण तथा अनुसूचीहरु सहितको प्रतिवेदन वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न गरिएको छ । वित्तीय विश्लेषणका विभिन्न परिसूचकहरु समेत उक्त प्रतिवेदनमा समावेश गरिएको छ ।

आर्थिक वर्ष २०७८/०७९ मा वित्तीय संस्थाले संस्थाको खर्चहरु मध्ये कर्मचारी खर्च शिर्षकमा रु. १० करोड ९३ लाख ४५ हजार ७ सय ४६, अन्य सञ्चालन खर्च तर्फ रु. ४ करोड ७९ लाख ९६ हजार ८ सय ६१, त्यसै गरी उक्त अवधीमा ब्याज खर्च रु. २३ करोड ४७ लाख २४ हजार ७ सय ११ खर्च गरेको छ । आम्दानी तर्फ समिक्षा वर्षमा ब्याज आम्दानी वापत रु. ४५ करोड ९४ लाख ५८ हजार ५ सय ९१, अन्य संचालन आम्दानी बापत रु. ५ करोड १९ लाख ३६ हजार ७ सय ५१ आम्दानी गरि संस्थाले रु. २ करोड ६ लाख ४३ हजार ५ सय १९ खुद मुनाफा आर्जन गरेको छ ।

७.१२ सम्पत्ति तथा दायित्वको अवस्था :

आर्थिक वर्ष २०७८/०७९ सम्म सदस्यहरुको निक्षेप रु. १ अर्व २० करोड २६ लाख ५५ हजार ७ सय ३७ रुपैया रहेको छ भने लगानीमा रहेको कर्जा रु. ३ अर्व ४० करोड ९७ लाख ५९ हजार १ सय ७ रुपैया रहेको छ । यस अवधीमा खुद स्थीर सम्पत्ती रु. १ करोड ६९ लाख ५१ हजार ९ सय २३, विभिन्न बैक तथा वित्तीय संस्थामा रहेको मौज्दात रु. १३ करोड १८ लाख २८ हजार ५ सय ५, अन्य सम्पत्ती शिर्षकमा ४ करोड ९० लाख ६० हजार ७ सय १९, विभिन्न बैक तथा वित्तीय संस्थाहरुमा तिर्न बाँकी कर्जा तथा सापट र कम रु. १ अर्व ७४ करोड ६६ लाख २० हजार ८ सय ८७, त्यसैगरी अन्य दायित्वमा रु. ५ करोड ९६ लाख ३८ हजार २ सय ९० रहेको छ ।

७.१३ बोनश शेयर र नगद लाभांस बाँडफाँड :

वित्तीय संस्थाले लगानीकर्ताहरुको हितलाई ध्यानमा राखि आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट २०७९ असार मसान्तसम्म कायम रहेको चुक्ता पूँजी रु. ३४ करोड २७ लाख ४४ हजार १ सय ९२ को १५ प्रतिशतले हुने रकम रु. ५ करोड १४ लाख ११ हजार ६ सय २९, बोनस शेयर र ३ प्रतिशतले हुने र कम रु. १ करोड २ लख ८२ हजार ३ सय २६, नगद लाभांश वितरण गर्न सञ्चालक समितिबाट प्रस्ताव भई नियमानुसार नेपाल राष्ट्र बैंकबाट समेत स्वीकृति प्राप्त भईसकेको हुँदा उक्त प्रस्तावलाई यस सभाद्वारा पारित गरि दिन हुनको लागि अनुरोध गर्दछु ।

७.१४ लेखापरीक्षण प्रतिवेदन र संचालक समितिको प्रतिक्रिया :

वित्तीय संस्थाका लेखापरीक्षक एल.एस.पि एसोसिएटस् चार्टड एकाउण्टेण्टस्का तर्फबाट सिए गोपाल कुमार श्रेष्ठ ज्यूले प्रमाणित गर्नुभएको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित वित्तीय स्थितिको विवरण, नाफा/नेक्सान विवरण तथा नगद प्रवाह विवरण र सोको अनुसूचीहरु नीति संगत रहेको र उल्लेखित लेखा विवरणहरुले यस संस्थाको यथार्थ स्थितिलाई चित्रण गरेको हुनाले लेखापरीक्षण प्रतिवेदनमा कुनै नकारात्मक कुराहरु नभएको व्यहोरा सभालाई अवगत गराउन चाहन्छु ।

७.१५ प्रतिवेदन तयार भएको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धी र भावि योजना तथा कार्यक्रमको सम्बन्धमा सञ्चालक समितिको धारणा :

चालु आर्थिक वर्षको प्रगति विवरण :

प्रतिवेदन तयार भएको मिति अर्थात आर्थिक वर्ष २०७९/०८० को दोश्रो त्रैमास (२०७९ पौष मसान्त) सम्म संस्थाको संक्षिप्त प्रगति विवरण देहाय बमोजिम रहेको व्यहोरा यस सभालाई गराउन चाहन्छु ।

क्र.सं.	वित्तीय विवरण	इकाई	आ.व. २०७८/०७९ सम्मको	२०७९/०८० पौष मसान्त सम्मको प्रगति	फरक
१	शाखा कार्यालय	संख्या	६१	६१	०%
२	ग्राहक सदस्य	संख्या	५९,५०७	६२,३३९	४.७५%
३	ऋणी सदस्य	संख्या	३७,१२१	३६,२७३	-२.२८%
४	निक्षेप संकलन	रु.	१,२०,२६,५५,७३७	१,१७, ९१, ८२, ३१३	-१.९८%
५	लगानी रहेको कर्जा	रु.	३,४०,९७,५९,१०७	३,२१,२९,१३,८७१	-५.७७%
६	तिर्न बाकी कर्जा सापट	रु.	१,७४,६६,२०,८८७	१,५२,२५,१०,५३३	-१२.८३%
७	संचालन मुनाफा	रु.	३,२९,५५,२१०	४,५३, ९२,१४७	

भावि लक्ष्य तथा कार्यक्रम :

विगतको कोरोना भाइरसको महामारीले वित्तीय क्षेत्रमा पर्न गएको असर, वित्तीय क्षेत्रमा देखिएको तरलताको चरम अभाव, लघुवित्त संस्थाहरु बीचको बढ्दो अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरुको दोहोरोपना, एक सदस्यमा बहुसंख्यीक संस्थाहरुबाट हुने लगानी, नेपाल राष्ट्र बैंक लगायतका अन्य नियामक निकायहरुले समय समयमा ल्याउने नीति नियमलाई समेत मध्यनजर गरी आर्थिक बर्ष २०७९/०८० मा निम्न लिखित लक्ष्य तथा कार्यक्रमहरु सञ्चालन गर्ने योजना रहेको व्यहोरा यस सभामा जानकारी गराउन चाहन्छु ।

प्रमुख वित्तीय लक्ष्य :

क्र.सं	विवरण	इकाई	२०७९ असार मसान्त सम्म कायम	आ.व. २०७९/०८० को लक्ष्य
१	कार्यक्रम समेटिएको जिल्ला	संख्या	३०	३५
२	शाखा कार्यालय	संख्या	६१	६६
३	ग्राहक सदस्य	संख्या	५९,५०९	८९,५३६
४	समूह	संख्या	१४,२६४	१६,७३७
५	केन्द्र	संख्या	४,८५८	५,८६९
६	ऋणी सदस्य	संख्या	३७,१२१	५९,६६२
७	कूल चुक्ता पूँजी	रु.	३९,४१,५५,८२१	३९,४१,५५,८२१
८	लगानीमा रहेको कर्जा	रु.	३,४०,९७,५९,१०७	५,५०,८६,१३,६५३
९	सदस्यको बचत	रु.	१,२०,२६,५५,७३७	१,४६,०१,४०,०३६
१०	बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा	रु.	१,७४,६६,२०,८८७	३,४५,४४,८८,१८०
११	व्याज आम्दानी	रु.	४५,९४,५८,५९१	६५,९१,५७,३०१
१२	व्याज खर्च	रु.	२३,४७,२४,७११	३५,३५,३६,२१७
१३	कर्मचारी खर्च	रु.	१०,९३,४५,७४६	१३,५५,९२,६८४
१४	खुद मुनाफा	रु.	२,०६,४३,५१९	११,०५,३९,२९६

अन्य कार्यक्रमगत योजना तथा लक्ष्य :

- ✔ वित्तीय संस्थाको दैनिक आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु जस्तै : कर्जा मुल्यांकन तथा स्वीकृति, फिल्ड भिजिट प्रतिवेदन, जनशक्ति व्यवस्थापन (कर्मचारीको कार्यसम्पादन मुल्यांकन, दैनिक हाजिरी, बिदा, सरुवा-बढुवा, मासिक तलव आदि), स्थिर सम्पत्ति मौज्दात आदिको थप प्रभावकारी व्यवस्थापनको लागि हाल कार्यान्वयनमा रहेको MFIN सफ्टवेयर प्रदायकसँग समन्वय एवम् सहकार्य गर्ने ।
- ✔ कर्मचारीहरुको कार्यालयमा हुने उपस्थितिलाई व्यवस्थित बनाउनको लागि प्रत्येक शाखामा Electronics Attendance गरिनुको साथै हाल जडान गरिएको CCTV लाई थप प्रभावकारी बनाउने ।
- ✔ आयमूलक, सीपमूलक तथा व्यवसायिक तालिम मार्फत ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धिको लागि वित्तीय संस्था स्वयम् अथवा उपयुक्त साझेदार संस्थासँगको समन्वयमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- ✔ कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आन्तरिक तथा बाह्य तालिमहरु संचालन गर्ने गरि वार्षिक Tranining Calender तयार गरि सोहि अनुसार प्रभावकारी कार्यान्वयन गर्ने ।
- ✔ आवद्ध ग्राहक सदस्य तथा लक्षित वर्गहरुलाई वित्तीय रुपमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमलाई योजनाबद्ध ढंगबाट अघि बढाउने ।
- ✔ ग्राहक संरक्षण कोष निर्देशिका २०७८ को अधिनमा रहि संस्थामा आवद्ध ग्राहक सदस्यहरुको हक हित, सुरक्षा एवम् सचेतनाको लागि कार्यक्रमहरु संचालन गर्ने ।

- ✔ संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन २०७८ को अधिनमा रहि लक्षित वर्गहरु लाभावन्ति हुने गरि कार्यक्रमहरु संचालन गर्ने ।

नेपाल राष्ट्र बैक तथा अन्य सम्बन्धीत नियामक निकायहरुले दिएको निर्देशन तथा संस्थाको नीति नियमको परिधिभित्र रहि संस्थागत दिगोपनालाई ध्यानमा राखि भविष्यमा आईपर्ने चुनौतीहरुको सामना गर्दै उपलब्ध अवसरहरुको उचित प्रयोग गरी आगामी दिनमा यस संस्थालाई उत्कृष्ट लघुवित्त संस्थाको रुपमा स्थापित गराउँने प्रति संचालक समिति सदैव प्रयत्नशिल छ ।

७.१६. संस्थाको कारोबारलाई असर पार्न सक्ने मुख्य विषयहरु :

- ✔ हाल वित्तीय बजारमा देखिएको तरलताको चरम अभाव साथै बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्ग थोक लघु कर्जाको वार्षिक व्याजदर अत्याधिक मात्रामा बृद्धि गर्दै गईरहेको र यसले आगामी दिनमा वित्तीय संस्थाले लक्ष्य अनुसार व्यवसाय विस्तार हुन नसक्नुको साथै वित्तीय आम्दानीमा समेत प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ ।
- ✔ लघुवित्त वित्तीय संस्थाहरुको संख्यात्मक बृद्धि सँगै एउटै व्यक्तिले विभिन्न संस्थाबाट कर्जा लिने प्रवृति बढे सँगै बजारमा कर्जा सेवाको दोहोरोपना देखिएको हुँदा यसले कर्जाको सहि सदुपयोगिता, गुणस्तरियता लगायत कर्जा असुलीमा समेत प्रभाव पार्ने गरेको देखिन्छ ।
- ✔ विभिन्न वाह्य प्रभाव तथा बहकाबका कारण सदस्यहरुमा अनुशासनहिनता सिर्जना भई वित्तीय संस्थाको दैनिक आर्थिक कारोवारमा प्रतिकुल असर पर्ने गरेको छ ।
- ✔ कर्जा सूचना केन्द्रबाट प्राप्त हुने सम्वन्धीत ऋणीहरुको विवरण भरपर्दो एवम् बास्तविक हुन नसक्दा संस्थाले ऋणीहरुको अवस्था बारे सहि विश्लेषण गरि कर्जा लगानी गर्न समस्या रहेको छ ।
- ✔ राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट सिर्जना हुन सक्ने संभावित जोखिमहरु बाट समेत वित्तीय संस्थाको आर्थिक क्रियाकलापहरु प्रभावित हुने देखिन्छ ।

यसको बाबजुद संस्थाको कारोबारमा पर्न सक्ने असरका लागि यस वित्तीय संस्थाको सञ्चालक समिति, विभिन्न उपसमितिहरु तथा व्यवस्थापन पक्ष चनाखो रही सम्भावित जोखिम तथा हानी नोक्सानी कम गर्न प्रतिवद्ध रहेको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु ।

७.१७. दुई वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा :

वित्तीय संस्थाको मिति २०७९ पौष ९ गते सम्पन्न आठौँ वार्षिक साधारण सभाद्वारा यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिशन) सम्बन्धी कार्यको लागि बर्तमान सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिएकोमा उक्त अख्तियारीको अधिनमा रहि काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ५ मा केन्द्रीय कार्यालय रहि नेपाल राष्ट्र बैकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र रहेको स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड सँग गाभ्ने/गाभिने (मर्जर) उद्देश्यले मिति २०७९ पौष १८ गते प्रारम्भिक समझदारीपत्र (MOU) मा हस्ताक्षर सम्पन्न भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३, धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका २०७९, बैंक तथा वित्तीय संस्था सम्वन्धी प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य प्रचलित ऐन कानून वमोजिम दुई वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रक्रियाहरुलाई नियम संगत संयुक्त मर्जर समितिद्वारा अघि बढाउँदै आइरहेको व्यहोरा गरिमामय सभालाई जानकारी गराउँन चाहन्छु । साथै, गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात् बन्ने वित्तीय संस्थाको पूँजीगत आकार, क्षेत्रगत विस्तार तथा जनशक्तिको आकारमा समेत बृद्धि भई वित्तीय संस्था थप उत्कृष्ट एवम् दरिलो हुने विश्वास समेत यस सभालाई अवगत गराउँन चाहन्छु ।

धन्यवाद ज्ञापन

संस्थाको कारोवारमा प्रत्यक्ष सहयोग पुऱ्याउनु हुने संस्थाको शेयरधनीहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल सरकारका सम्बन्धीत निकायहरु, स्थानीय संघ संस्थाहरु, शेयर रजिष्ट्रार आरबिबि मर्चेन्ट बैकिङ्ग क्यापिटल लिमिटेड, आवद्ध ग्राहक सदस्यहरु लगायत यस वित्तीय संस्थाको कारोबार सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवालाहरुमा आभार प्रकट गर्न चाहन्छु। साथै, भविष्यमा समेत यहाँहरुको अझ बढि सहयोग र मार्गदर्शनको अपेक्षा राखेको छु।

वित्तीय संस्थाको आर्थिक तथा प्रशासनिक कारोवारहरुलाई व्यवस्थित बनाउन साथै सहि मार्गदर्शन प्रदान गर्न भूमिका खेल्नु हुने आन्तरिक लेखापरीक्षक श्री एम.वि.एस.डि. एण्ड एसोसियट्स र बाह्य लेखापरीक्षक श्री एलएसपि एसोसियट्सलाई विशेष धन्यवाद प्रकट गर्दछु। यस वित्तीय संस्थालाई कर्जा तथा बैंकिङ्ग सुविधा उपलव्ध गराउने सम्पूर्ण बैक तथा वित्तीय संस्थाहरु, निक्षेप तथा कर्जा सुरक्षण कोष लगायत यस वित्तीय संस्थाको सदस्यहरु तथा कर्जा जोखिमलाई न्यूनीकरण गर्न सहकार्य गर्नु हुने सम्पूर्ण ईन्स्योरेन्स कम्पनीहरु प्रति आभार प्रकट गर्दछु। कर्मचारीहरुको वृत्ति विकासको लागि समय सापेक्ष विभिन्न तालिमहरुको आयोजना गरि सहयोग गर्नु हुने विभिन्न तालिम प्रदायक निकायहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु साथै आगामी दिनहरुमा समेत विभिन्न किसिमका तालिमहरुमा सहभागिताको अपेक्षा समेत राखेका छौं।

लघुवित्त संस्थाहरुको हकहितको लागि सम्वन्धीत नियामक निकायहरुमा आवश्यक पहल गर्दै आइरहेको लघुवित्त संस्थाहरुको छाता संगठन Microfinane Association of Nepal-MFAN र Nepal Microfinance Bankers Assocation-NMBA प्रति आभार प्रकट गर्दै संस्थाले आजको दिन सम्म प्राप्त गरेको उपलव्धी, नीति निर्माण गर्न सहयोग गर्ने कर्मचारीहरुको सहयोग तथा संस्थाको भावी योजना व्यवस्थापन र अहोरात्र कार्य गर्ने कर्मचारीको मेहनतबाट मात्र सम्भव भएकोले संस्थाका प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव एवम् सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस नवौं वार्षिक साधारण सभालाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग गर्ने यस हिमालयन दृश्य रिसोर्ट होटललाई समेत धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

सञ्चालक समितिको तर्फबाट, डम्मर मणि थेवे लिम्बु
अध्यक्ष, मितिः २०७९/१२/११ गते

कम्पनी ऐन, २०६३ को दफा १०९ (४) अनुसारको अतिरिक्त विवरण
आर्थिक वर्ष २०७८/०७९

८. दफा १०९ (४) सम्बन्धी विवरण

(क) विगत वर्षको कारोबारको सिंहावलोकन :

- सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :

- सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ।

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :

- सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ।

(घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :

- सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत जानकारी उपलब्ध गराईएको ।

(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :

- सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत विवरण खुलाइएको ।

(च) संस्थाको कारोबारलाई असर पार्न सक्ने मुख्य कुराहरु :

- सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :

- आ.व. २०७८/०७९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सामान्य कैफियत रहेकोमा सो उपर कारवाहि भई सकेको छ ।

(ज) लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम :

- आ.व. २०७८/०७९ मा लाभांश बाँडफाँडको लागि रकम छुट्याई सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

(झ) शेयर जफत भएको भए जफत भएको शेयर सङ्ख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :

- आ.व. २०७८/०७९ मा कुनै पनि शेयर जफत गर्ने कार्य नभएको ।

(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :

- आ.व. २०७८/०७९ मा संस्थाको प्रगतिको सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख भई सकेको छ । संस्थाको कुनै सहायक कम्पनी नरहेको व्यहोरा अवगत गराउँदछौं ।

(ट) संस्थाको सहायक कम्पनीले आर्थिक वर्ष २०७८/०७९ मा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा संस्थाको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :

- संस्थाको कुनै पनि सहायक कम्पनी नरहेको ।

(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :

- आ.व. २०७८/०७९ मा संस्थाको आधारभूत शेयरधनीहरुबाट वित्तीय संस्थालाई नियमानुसार उपलब्ध

गराउनुपर्ने कागजात तथा तोकिएको अन्य आवश्यक विवरणहरु बाहेका अन्य छुट्टै रुपमा त्यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

(ङ) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :

- आर्थिक वर्ष २०७८/०७९ को अन्तसम्ममा सञ्चालक समितिका पदाधिकारीहरुले धारण गरेको शेयरको विवरण देहाय बमोजिम रहेको छ ।

सञ्चालक समितिका पदाधिकारीहरु :

क्र.सं.	सञ्चालकहरुको नाम, थर	पद	ग्रहण गरेको कुल शेयर कित्ता	प्रतिशत
१.	श्री डम्मर मणि थेवे लिम्बु	अध्यक्ष	१२१,९२७.६८	३.५६%
२.	श्री राजेश्वरप्रसाद आचार्य	सञ्चालक	५५,०९७.२८	१.६१%
३.	श्री विश्वराम खड्का	सञ्चालक	४६,१७६.४८	१.३५%
४.	श्री हरि बहादुर भण्डारी	सञ्चालक	१,४७,५१०.७२	४.३%
५.	श्री भक्तराम खडका	सञ्चालक	१,०४५.४०	०.०३०%
६.	श्री अनुपा ओझा	सञ्चालक	१५१.२०	०.००४४%
७.	श्री निरंजन पराजुली	स्वतन्त्र सञ्चालक	शून्य	शून्य

व्यवस्थापन पदाधिकारी :

क्र.सं.	व्यवस्थापकको नाम	पद	ग्रहण गरेको कुल शेयर कित्ता	प्रतिशत
१.	श्री डा.मदन घिमिरे	प्रमुख कार्यकारी अधिकृत	८७,०९१.२०	२.५४%

वित्तीय संस्थाका सञ्चालक एवम् व्यवस्थापन पदाधिकारीहरुले वित्तीय संस्थाबाट निष्काशन गरिएको शेयर खरिद गर्ने र साधारण सभाबाट पारित लाभांश ग्रहण गर्ने बाहेक शेयर कारोवारमा अन्य कुनै संलग्नता नभएको ।

(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :

- कुनै सम्झौता नभएको/कारोवार नभएको ।

(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको सङ्ख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :

- हालसम्म संस्थाले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :

- संस्थाको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने सन्दर्भमा विभिन्न समिति तथा उपसमितिहरुको गठन गरिएको साथै आन्तरिक नीति नियम तथा निर्देशिकाहरु तयार गरि कार्यान्वयनमा रहेको जस्को विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

(थ) विगतको आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :

- आर्थिक वर्ष २०७८/०७९ मा संस्थाको कुल व्यवस्थापन खर्च निम्नबमोजिम रहेको छ ।

कर्मचारी खर्च रु. १०,९३,४५,७४६

अन्य सञ्चालन खर्च	रु. ४,७९,९६,८६१
कुल सञ्चालन खर्च	**रु. १५,७३,४२,६०७**

(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :

- लेखापरीक्षण समितिका सदस्यको नामावली देहाय बमोजिम रहेको छ :

१. श्री निरंजन पराजुली	(गैर कार्यकारी संचालक)	संयोजक
२. श्री राजेश्वर प्रसाद आचार्य	(गैर कार्यकारी संचालक)	सदस्य
३. श्री सोनाम शेर्पा	(अनुगमन तथा सुपरिवेक्षण विभाग)	सदस्य सचिव

- समितिका संचालक स्तरिय संयोजक तथा सदस्यलाई प्रति बैठक भत्ता रु. ४,०००/- प्रदान गर्दै आइरहेको छ भने कर्मचारी स्तरिय सदस्यलाई बैठक भत्ताको व्यवस्था गरिएको छैन ।
- आ.व. २०७८/०७९ मा समितिको बैठक ६ पटक बसेको र सो बैठकले संस्थाको प्रगति विवरण त्रैमासिक रुपमा समिक्षा गरि सुधारका लागि व्यवस्थापनलाई समय समयमा आवश्यक निर्देशन तथा सुझावहरु दिदैं आइरहेको छ ।

(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :

- कारोवार नभएको ।

(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :

- आर्थिक बर्ष २०७८/०७९ मा १८ पटक सञ्चालक समितिको बैठक बसेको र बैठक भत्ता वापत रु. ५,१४,०००/-, संचार तथा पत्रपत्रिका वापत रु. २,१६,०००/-, दैनिक भ्रमण भत्ता वापत रु. ३,०२,७८५/- र वैठक व्यवस्थापन वापत रु. १,३७,८६५/- खर्च भएको छ भने प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक बापत रु. २३,४०,०००/-, भत्ता बापत रु. १२,००,०००/-, सामाजिक सुरक्षा कोष बापत रु. ४,६८,०००/-, दशै भत्ता रु. १,९५,०००/- गरि जम्मा रु. ४२,०३,०००/- उपलब्ध गराईएको छ ।

(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :

- आर्थिक वर्ष २०७७/०७८ को जारी नगद लाभांशको रकम बुझिलिन बाँकी रहेको रकम देहाय बमोजिम रहेको व्यहोरा वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री आरविवि मर्चेन्ट बैकिङ्ग लि. बाट जानकारी प्राप्त भएको ।

  संस्थापक शेयरधनीबाट : रु. १,९२,६४८/-

  सर्वसाधारण शेयरधनीबाट : रु. ४,००,५७४/-

(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :

- दफा १४१ बमोजिम सम्पत्ति खरिद वा विक्री नभएको ।

(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :

- संस्थाको व्यवसायिक कारोबारको सिलसिलामा भएको कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(भ) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा:

- प्रचलित कानून बमोजिम खुलाउनु पर्ने आवश्यक सबै कुरा खुलाई सकिएको ।

(म) अन्य आवश्यक कुराहरु :

- नभएको ।

९. धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ४६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची-१५ बमोजिमको वार्षिक प्रतिवेदन

(१) सञ्चालक समितिको प्रतिवेदन :

- यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

(२) लेखापरीक्षकको प्रतिवेदन :

- यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

(३) लेखापरीक्षण भएको वित्तीय विवरण :

- यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

(४) कानूनी कारवाही सम्बन्धी विवरण :

(क) समीक्षा अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर गरेको भए :

- समिक्षा अवधिमा त्यस्तो कुनै मुद्दा दायर नभएको ।

(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्दमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा संस्थाले मुद्दा दायर गरेको वा भएको भए :

- समिक्षा अवधिमा त्यस्तो कुनै विवरण प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्द आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :

- समिक्षा अवधिमा त्यस्तो कुनै जानकारी प्राप्त नभएको ।

(५) संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :

- संस्थाको शेयरको बजार मूल्य र कारोवारको निर्धारण खुल्ला बजार प्रकृयामा निर्भर हुने भएकोले यस सम्बन्धमा व्यवस्थापनको छुट्टै धारण नरहेको ।

(ख) आ.व. वर्ष २०७८/७९ को प्रत्येक त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकत्तम र न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोवार शेयर संख्या र कारोवार दिनको विवरण :

विवरण	आश्विन मसान्त २०७८	पौष मसान्त २०७८	चैत्र मसान्त २०७८	आषाढ मसान्त २०७९
अधिकतम मूल्य	रु. १,७८५	रु. १,५०३	रु. १,३३९	रु. १,०३०
न्यूनतम मूल्य	रु. १,२७०	रु. १,०७५	रु. ९७५	रु. ७३०
अन्तिम मूल्य	रु. १,५३२	रु. १,१०५	रु. १,०३१	रु. ७९९
शेयर कारोवार संख्या	२,००,९८४	१,१७,५८८	७४,९२८	५०,१२५
कारोवार दिन	५७	५९	५८	६४

(६) समस्या र चुनौती :

(क) आन्तरिक :

- कार्यक्रमको वृद्धिसंगै सञ्चालन खर्चमा समेत वृद्धि हुदै जानु ।
- फिल्डमा काम गर्ने दक्ष कर्मचारीको अभाव ।
- सदस्यहरुमा वित्तीय साक्षरताको कमी ।

(ख) वाह्य :

- हाल वित्तीय बजारमा देखिएको तरलता अभाव ।
- लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ प्रतिस्पर्धा ।
- एउटै सदस्यले विभिन्न संस्थाहरुबाट कर्जा लिने प्रवृत्ति बढेको ।
- बैंकहरुले कर्जामा लिने व्याजदर उच्च भएको ।
- अप्रत्यासित रुपमा आई पर्ने प्राकृतिक प्रतिकूल अवस्था ।

(ग) रणनीति :

- वित्तीय साक्षरतामा जोड दिने
- कर्मचारी कार्य कुशलतामा वृद्धि गर्ने ।
- ग्राहकको माग, चाहना अनुरुप ग्राहकमुखी सेवा सुविधाको विकास तथा विस्तार गर्ने ।
- प्रशासनिक कार्य कुशलतामा सुधार गर्ने ।
- जोखिम व्यवस्थापनको सुदृढीकरण गर्ने ।
- कर्जा जोखिम व्यवस्थापन गरी खराब कर्जालाई सक्रिय कर्जामा परिणत गर्ने ।
- प्रविधियुक्त सेवा विस्तार गर्ने ।

(७) संस्थागत सुशासन :

यस संस्थाले आफ्नो काम कारोवार चुस्त दुरुस्त, छिटो छरितो, एवम् संस्थागत सुशासनलाई उच्च महत्व दिई सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ। त्यस्तै संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य सम्बन्धीत ऐन नियमहरुको पूर्ण पालना गरी रहेको छ ।

१०. नेपाल लेखा मापदण्ड (NAS) अनुसार तयार पारिएको स्वीकृत वित्तीय विवरणहरू

एल.एस.पि. एसोशिएट्स्
L.S.P. ASSOCIATES
Chartered Accountants

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडका
शेयरधनी महानुभावहरु समक्ष
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

वित्तीय विवरणमा लेखापरीक्षकका राय

हामीले समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको वित्तीय विवरणहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं । जसमा २०७९ आषाढ ३२ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश रहेका छन् ।

वित्तिय संस्थाको व्यवस्थापनले २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक बर्षको वित्तीय विवरणहरु नियामक निकाय नेपाल राष्ट्र बैंकको निर्देशानुसार तयार पारेको छ तथा नेपाल चार्टर्ड एकाउण्टेन्टस् संस्थाबाट लागु भएको नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards-NFRS) अनुसार अलग्गै वित्तिय विवरणहरु तयार गरेको छ । हाम्रो रायमा लघुवित्तको वासलातले आषाढ ३२, २०७९ को वित्तीय स्थिति, नाफा नोक्सान विवरण र नगद प्रवाह विवरणले सो मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको उचित चित्रण गर्दछ ।

रायको आधार

हामीले नेपाल लेखापरिक्षणमानको आधारमा लेखापरिक्षण सम्पन्न गरेका छौं । यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ति लेखापरीक्षणमान अनुसारका हाम्रो जिम्मेवारीको थप वर्णन गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचार संहिता तथा नेपालमा वित्तिय लेखापरिक्षणका लागि सांदर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तिय विवरणहरुको लेखापरिक्षण गर्न स्वतन्त्र छौ र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी भएको आचार संहिताका अन्य प्रावधानहरुको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य मामिलाहरु त्यस्ता व्यहोराहरु, जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षण कार्यका लागि महत्वपुर्ण रहेका छन् । ती मुख्य मामिलाहरु वित्तिय विवरणको समग्र लेखापरिक्षण कार्य र हाम्रो राय निर्धारणमा प्रयुक्त रहेको छ ।

लेखापरीक्षणका मुख्य मामिला	लेखापरीक्षण मुख्य मामिलामा सम्बोधन
कर्जा नोक्सानी व्यवस्थाको उपयुक्तता वित्तिय संस्थाका मुख्य व्यवसाय आफ्ना ग्राहक सदस्यहरुलाई कर्जा प्रदान गर्नु हो । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार वित्तिय संस्थाले कर्जाको किस्ता तथा व्याज भुक्तानीको अवस्थाको आधारमा कर्जाको वर्गिकरण र कर्जा नोक्सानी व्यवस्था गर्नु पर्दछ । यसको खुलासा वित्तिय विवरणको अनुसुची ४.२६ प्रमुख लेखा नितिहरुको ३.४ तथा अनुसुची ४.२७ लेखा सम्बन्धि टिप्पणीहरु को ङ मा उल्लेख गरेको छ ।	**प्रमुख लेखापरीक्षण प्रकृया** यस सम्बन्धमा हाम्रो लेखापरीक्षण प्रकृया व्यवस्थापनको अनुमान र कर्जा नोक्सानी व्यवस्थालाई चुनौती गर्ने र कर्जा वर्गिकरण कर्जा नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार भए नभएको परीक्षण गर्ने रहेको थियो । निष्कर्ष: कर्जाको वर्गिकरण र कर्जा नोक्सानी व्यवस्था नियामक निकाय, नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार उचित व्यवस्था गरेको छ ।

Chartered Accountants
L.S.P. ASSOCIATES

Jwagal, Kopundole, Lalitpur, Nepal
P.O. Box No. 9222, Kathmandu, Nepal
Tel +977 1 5550424 Web www.lspa.com.np
Fax +977 1 5261887 Email info@lspa.com.np

वित्तीय विवरणहरुका लागि व्यवस्थापन तथा शासकीय भूमिकामा रहेकाको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) तथा नियामकको निर्देशानुसार वित्तीय विवरण तयार गर्ने तथा उचित प्रस्तुती गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरण तयारी र प्रस्तुतीकरणसंग सम्बन्धित आन्तरिक नियन्त्रणको खाका तयार गर्ने, कार्यन्वयन गर्ने तथा कायम राख्ने कार्यहरु पर्दछन । जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आंकडा रहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन ।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्न सञ्चालन सामर्थ्यको व्यवस्थापकीय मूल्याङ्कन र संस्थालाई खारेज (Liquidate) गर्ने मनसाय नभएसम्म सामान्यतया वित्तीय विवरणहरु अविच्छिन्नताको (Going Concern) मान्यतामा नै तयार गर्ने र सो को उपयुक्त खुलासा गर्ने कार्यको जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

शासकीय भूमिकामा रहेकाहरुको जिम्मेबारी संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको रेखदेख गर्ने रहेको छ ।

वित्तीय विवरणहरु प्रति लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उत्तरदायित्व समष्टिगतरूपमा वित्तीय विवरणहरु त्रुटि वा जालसाजीका कारण सारवान गलत आकडायुक्त नभएको आश्वस्तता प्राप्त गर्नु र आफ्नो मनासिव राय सहितको प्रतिवेदन जारी गर्नु हो । मनासिब माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो तर नेपाल लेखापरीक्षमान अनुसार लेखापरीक्षण गर्दा सारवान गलत आकडायुक्त प्रस्तुतिकरणको सदैव पहिचान हुन्छ नै भन्ने प्रत्याभुती गर्दैन । गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगत कारणले त्यस्ता वित्तीय विवरणको आधारमा लिने आर्थिक निर्णयहरुमा असर गर्दछ भने सारवान ठहरिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षकको व्यवसायिक निर्णय (Judgement) र व्यवसायिक अप्रतिती (Skepticism) कायम गरेका छौ । हामीले

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिंदा हामीले व्यवसायिक क्षमता प्रयोग गरेका छौं । वित्तीय विवरणहरु जालसाजी वा भुलबाट हुनसक्ने भौतिक सारभूत त्रुटीहरुको पहिचान र जोखिमको मूल्याङ्कन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरु केलाई वी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षणका प्रकृयाहरु अवलम्बन गरेका छौं ।
- भूलबस हुने त्रुटीभन्दा जालसाजीबाट हुने त्रूटी पत्ता लगाउने जोखिम अधिक हुन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथी राय व्यक्त गर्ने उद्देश्यले नभई संस्था सुहाउदो लेखापरीक्षण प्रकृया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौ ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीति, लेखा अनुमान एवम् वित्तीय विवरणसंग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याकन गरेका छौ ।
- व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको निष्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुको आधारमा मूल्याकन गरेका छौ । मूल्याकंन गर्दा लिएका आधारहरुको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न नसकिने हुनाले आउँदा दिनहरुमा अविच्छिन्नता रहने कुराको आश्वाशन दिन सकिदैन ।
- वित्तिय बिवरणले कारोवार को समुचित प्रस्तुतिकरण गर्ने सम्बन्धमा खुलासा सहित वित्तिय बिवरणको प्रस्तुतिकरणको मुल्यांकन गरेका छौ ।



कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ तथा अन्य प्रचलित ऐनले तोकेकौ कुराको प्रतिवेदनः

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना र स्पष्टीकरण सन्तोषजनक पायौँ ।

ख) यस प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण नेपाल राष्ट्र बैंकले तोकेको ढाचामा तथा नेपाल चार्टर्ड एकाउन्टेन्टस्बाट लागु भएको नेपाल वित्तिय प्रतिवेदनमान (Nepal Financial Reporting Standards–NFRS) अनुसार अलग्गै वित्तिय विवरणहरु तयार गरेको छ ।

ग) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा हाम्रो रायमा प्रस्तुत वासलातले कम्पनीको आर्थिक अवस्थाको तथा नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणले सोही मितिमा समाप्त भएको वर्षको क्रमशः कम्पनीको नाफा नोक्सान र नगद प्रवाहको समुचित चित्रण गर्दछ ।

घ) कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

ङ) कम्पनीको लेखा तथा श्रेस्ताहरूको परीक्षणबाट देखिए अनुसार हाम्रो रायमा कम्पनीले नेपाल राष्ट्र बैंकले "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशन बमोजिम पर्याप्त पूजीकोष तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागी प्रयाप्त कोष खडा गरेको पाईयो ।

च) नेपाल राष्ट्र बैंकको निर्देशानुसार व्याज आम्दानी नगद प्राप्तिको आधारमा लेखांकन गरेको छ ।

छ) संस्थाले आफ्नो अपलेखन विनियमावली अनुसार नै कर्जा अपनेखल गर्ने गरेको पाईयो ।

ज) यस कम्पनीले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाईयो ।

झ) हामीलाई प्राप्त जानकारी, दिइएको स्पष्टिकरण र हामीले परीक्षण गरेको थेस्ताबाट सञ्चालक समिति अथवा कुनै पदाधिकारीले कानूनी व्यवस्थाहरू विपरित वा अनियमित कार्य गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको तथा राष्ट्र बैंकको निर्देशनको उल्लघन गरी कम्पनी, निक्षेपकर्ता तथा लगानीकर्ताको हित सूरक्षण विपरित कार्य गरेको जानकारी हुन आएन ।

ञ) लेखापरीक्षणको दौरानमा हाम्रो जानकारीमा आएका आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमि कमजोरीहरु सुधारका व्यहोरा समेटिएको व्यवस्थापनपत्र छुट्टै जारी गरिएको छ ।

सिए. गोपाल कुमार श्रेष्ठ
साझेदार

S.P. ASSOCIATES Chartered Accountants

मितिः २०७९/१०/२०
स्थानः ललितपुर

UDIN Number:230204CA00144sXIHT

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक
२०७९ साल आषाढ मसान्तको

वासलात

पुँजी तथा दायित्व		अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
१.	शेयर पुँजी	४.१	३९४,१५५,८२१	३४२,७४४,१९२
२.	जगेडा तथा कोषहरु	४.२	६७,७९६,१२०	१११,५८७,७२३
३.	ऋणपत्र तथा बन्ड	४.३	-	-
४.	तिनं बाकि कर्जा सापट	४.४	१,७४६,६२०,८८७	१,४०५,३६१,८६३
५.	निक्षेप दायित्व	४.५	१,२०२,६५५,७३७	९३७,०००,१९७
६.	प्रस्तावित नगद लाभांश		१०,२८२,३२६	१४,२८१,००८
७.	आयकर दायित्व		-	-
८.	अन्य दायित्व	४.६	५९,६३८,२९०	४३,१५३,४४५
	कूल पुजी तथा दायित्व		३,४८१,१४९,१८०	२,८५४,१२८,४२८

सम्पत्ति		अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
१.	नगद मौज्दात (सिक्का समेत)		३७६,५७१	६९,९०४
२.	नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात		-	-
३.	बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	४.७	१३१,८२८,५०५	१५३,४१४,६३४
४.	माग तथा अल्प सूचनामा प्राप्त हुने रकम		-	-
५.	लगानी	४.८	५००,०००	५००,०००
६.	कर्जा सापट	४.९	३,२८२,४३१,४६१	२,६६९,८७७,२८५
७.	स्थिर सम्पत्ति	४.१०	१६,९५१,९२३	१३,१७६,७००
८.	गैर बैंकिङ्ग सम्पत्ति	४.११	-	-
९.	अन्य सम्पत्ति	४.१२	४९,०६०,७१९	१७,०८९,९०५
	कूल सम्पत्ति		३,४८१,१४९,१८०	२,८५४,१२८,४२८

संभावित दायित्व	अनुसूची ४.१३
सञ्चालकहरुको घोषणा	अनुसूची ४.२३
पूजीकोष तालिका	अनुसूची ४.२४
जोखिम भारित सम्पत्ति विवरण तालिका	अनुसूची ४.२४ (क)
प्रमूख सूचकाङ्कहरु	अनुसूची ४.२५
प्रमूख लेखा नीतिहरु	अनुसूची ४.२६
लेखा सम्बन्धी टिप्पणीहरु	अनुसूची ४.२७

४.१ देखि ४.१३ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हून् ।

आजको हाम्रो संलग्न प्रतिबेदन अनुसार

डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

~~डम्मरमणी~~ थेवे लिम्बु
अध्यक्ष

राजेश्वर प्रसाद आचार्य
सञ्चालक

विश्वराम खड्का
सञ्चालक

हरि बहादुर भण्डारी
सञ्चालक

अनुपा ओझा
सञ्चालक

भक्तराम खड्का
सञ्चालक

निरञ्जन पराजुली
सञ्चालक

सिए गोपाल कुमार श्रेष्ठ
लेखापरीक्षक
एल एस पी एसोसिएटस्
चार्टर्ड एकाउण्टेण्ट्स

मिति : २०७९।१०।२०

स्थान : बनेपा ७, काभ्रेपलाञ्चोक

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक
मिति २०७८ श्रावण ०१ देखि २०७९ आषाढ ३२ सम्मको

नाफा नोक्सान हिसाव

विवरण	अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
१. ब्याज आम्दानी	४.१४	४५९,४५८,५९१	३१४,२२५,१६३
२. ब्याज खर्च	४.१५	२३४,७२४,७११	१२९,९६०,७१३
खुद ब्याज आम्दानी		२२४,७३३,८८०	१८४,२६४,४५०
३. कमिशन तथा अन्य सञ्चालन आम्दानी	४.१६	५१,९३६,७५१	५२,४०५,९६०
४. सटही घटबढ आम्दानी		-	-
कुल सञ्चालन आम्दानी		२७६,६७०,६३१	२३६,६७०,४११
५. कर्मचारी खर्च	४.१७	१०९,३४५,७४६	५२,१११,७२९
६. अन्य सञ्चालन खर्च	४.१८	४७,९९६,८६१	२७,०९८,४६२
७. सटही घटबढ नोक्सान		-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा		११९,३२८,०२४	१५७,४६०,२२०
८. सम्भावित नोक्सानी व्यवस्थाहरु	४.१९	१७१,३५०,३९६	१२९,३६७,७९२
सञ्चालन मुनाफा		(५२,०२२,३७२)	२८,०९२,४२८
९. गैर सञ्चालन आम्दानी/खर्च	४.२०	५९,९५०	-
१०. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता	४.२१	८४,९१७,६३२	१३५,८१४,८६६
नियमित कारोवारबाट भएको मुनाफा		३२,९५५,२१०	१६३,९०७,२९४
११. असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च	४.२२	-	-
सम्पुर्ण कारोवार समावेश पछिको खुद मूनाफा		३२,९५५,२१०	१६३,९०७,२९४
१२. कर्मचारी बोनस व्यवस्था		३,२९५,५२१	१६,३९०,७२९
१३. आयकर व्यवस्था		९,०१६,१७०	४३,१०४,२२९
- यस वर्षको कर व्यवस्था		९,५५२,६१९	४४,२९९,३६३
- विगत वर्षसम्मको कर व्यवस्था			
- यस वर्षको स्थगन कर खर्च (आम्दानी)		(५३६,४४९)	(१,१९५,१३४)
खूद नाफा/(नोक्सान)		२०,६४३,५१९	१०४,४१२,३३६

४.१४ देखि ४.२२ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसावका अभिन्न अंग हून् ।

आजको हाम्रो संलग्न प्रतिबेदन अनुसार

डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

डम्मरमणी थेवे लिम्बु
अध्यक्ष

राजेश्वर प्रसाद आचार्य
सञ्चालक

विश्वराम खड्का
सञ्चालक

हरि बहादुर भण्डारी
सञ्चालक

अनुपा ओझा
सञ्चालक

भक्तराम खड्का
सञ्चालक

निरञ्जन पराजूली
सञ्चालक

सिए गोपाल कुमार श्रेष्ठ
लेखापरीक्षक
एल एस पि एसोसिएटस्
चार्टर्ड एकाउण्टेण्ट्स

मिति : २०७९।१०।२०
स्थान : बनेपा ७, काभ्रेपलाञ्चोक

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

नाफा नोक्सान बाडफाड हिसाव

मिति २०७८ श्रावण ०१ देखि २०७९ आषाढ ३२ सम्मको

विवरण	अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
आम्दानी			
१. गत वर्षसम्मको संचित मूनाफा		४६,४७७,३७९	२१,२४०,३५१
२. यस वर्षको मूनाफा		२०,६४३,५१९	१०४,४१२,३३६
३. सटही घटबढ कोष		-	-
४. स्थगन कर जगेडा कोष		-	-
५. शेयर प्रिमियम		-	१५,०८९,४११
६. पुँजी गत जगेडा कोष		-	-
जम्मा		६७,१२०,८९८	१४०,७४२,०९८
खर्च			
१. गत वर्षसम्मको संचित नोक्सान		-	२,०५३,०७६
२. यस वर्षको नोक्सान		-	-
३. साधारण जगेडा कोष		४,१२८,७०४	२८,०२२,९७१
४. भैपरी आउने जगेडा		-	-
५. संस्था विकास कोष		-	-
६. लाभांश समीकरण कोष		-	-
७. कर्मचारी सम्बन्धी जगेडाहरु		-	-
८. प्रस्तावित लाभांश		१०,२८२,३२६	१४,२८१,००८
९. प्रस्तावित बोनस शेयर		५१,४११,६२९	४३,०५४,०३२
१०. विशेष जगेडा कोष		-	-
११. सटही घटबढ कोष		-	-
१२. पुँजी फिर्ता जगेडा कोष		-	-
१३. पुँजी समायोजन कोष		-	-
१४. ग्राहक संरक्षण कोष		२०६,४३५	४,६१४,३७५
१५. संस्थागत सामाजिक उत्तरदायित्व कोष		२०६,४३५	१,०४४,१२३
१६. स्थगन कर जगेडा कोष		६९८,०४२	१,१९५,१३४
१७. कर्मचारी दक्षता अभिबृद्धि कोष			
जम्मा		६६,९३३,५७१	९४,२६४,७२०
संचित मुनाफा/(नोक्सान)		१८७,३२७	४६,४७७,३७९

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

डम्मरमणी थेवे लिम्बु
अध्यक्ष

राजेश्वर प्रसाद आचार्य
सञ्चालक

विश्वराम खड्का
सञ्चालक

हरि बहादुर भण्डारी
सञ्चालक

अनुपा ओझा
सञ्चालक

भक्तराम खड्का
सञ्चालक

निरञ्जन पराजूली
सञ्चालक

सिए गोपाल कुमार श्रेष्ठ
लेखापरीक्षक
एल एस पि एसोसिएटस्
चार्टर्ड एकाउण्टेण्ट्स

मिति : २०७९।१०।२०
स्थान : बनेपा ७, काभ्रेपलाञ्चोक

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

आ.व. २०७८/७९

विवरण	शेयर पुँजी	सञ्चित ना.नो.	साधारण जगेडा कोष	पुँजीगत जगेडा कोष	शेयर प्रिमियम	सटही घटबढ कोष	स्थगन कर जगेडा	अन्य जगेडा तथा कोष	कल्स इन एडभान्स	कुल रकम (रु.)
शुरु मौज्दात	३४२,७४४,१९२	४६,४७७,३७९	४९,२४०,७८०	-	-	-	१,८००,६१४	१४,०६८,९५०	-	४५४,३३१,९१५
स्थगन कर								-		-
ग्राहक संरक्षण कोष	-		-	-	-	-	-	-		-
संस्थागत सामाजिक उत्तरदायित्व कोषको आम्दानी खर्च	-		-	-	-	-	-	-		-
समायोजित शुरु मौज्दात	३४२,७४४,१९२	४६,४७७,३७९	४९,२४०,७८०	-	-	-	१,८००,६१४	१४,०६८,९५०	-	४५४,३३१,९१५
यस वर्षको थप	-	-	-	-	-	-	-	-		-
ग्राहक संरक्षण कोष	-	(२०६,४३५)	-	-	-	-	-	२०६,४३५		-
संस्थागत सामाजिक उत्तरदायित्व कोष	-	(२०६,४३५)	-	-	-	-	-	२०६,४३५		-
शेयर प्रिमियम बाट ट्रान्सफर	-	-	-	-	-	-	-	-		-
यस आ.व.को खूद आम्दानी	-	२०,६४३,५१९	-	-	-	-	-	-		२०,६४३,५१९
स्थगन कर समायोजन	-	(६९८,०४२)	-	-	-	-	६९८,०४२	-		-
प्रस्तावित वोनश शेयर	५१,४११,६२९	(५१,४११,६२९)	-	-	-	-	-	-		-
प्रस्तावित नगद लाभांस	-	(१०,२८२,३२६)	-	-	-	-	-	-		(१०,२८२,३२६)
साधारण जगेडा कोषमा रकमान्तर	-	(४,१२८,७०४)	४,१२८,७०४	-	-	-	-	-		-
यस वर्ष कोषबाट भएको भुक्तानी	-	-	-	-	-	-	-	(२,७४१,१६७)		(२,७४१,१६७)
कोषमा दिएको ब्याज	-	-	-	-	-	-	-	-		-
अन्तिम मौज्दात	३९४,१५५,८२१	१८७,३२७	५३,३६९,४८४	-	-	-	२,४९८,६५६	११,७४०,६५३	-	४६१,९५१,९४१

डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

डम्मरमणी थेवे लिम्बु
अध्यक्ष

राजेश्वर प्रसाद आचार्य
सञ्चालक

विश्वराम खड्का
सञ्चालक

हरि बहादुर भण्डारी
सञ्चालक

अनुपा ओझा
सञ्चालक

भक्तराम खड्का
सञ्चालक

निरञ्जन पराजूली
सञ्चालक

सिए गोपाल कुमार श्रेष्ठ
लेखापरीक्षक
एल एस पि एसोसिएटस्
चार्टर्ड एकाउण्टेण्ट्स

मिति : २०७९।१०।२०
स्थान : बनेपा ७, काभ्रेपलाञ्चोक

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Estd.2070
Banepa, Kavre

Chartered Accountants
L.S.P. ASSOCIATES

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक
नगद प्रवाह विवरण
मिति २०७८ श्रावण ०१ देखि २०७९ आषाढ ३२ सम्मको

विवरण		यस वर्ष रु.	गत वर्ष रु.
(क)	कारोबार संचालनबाट नगद प्रवाह	(३३९,८२४,७९९)	(५४७,६३५,६९८)
१.	नगद प्राप्ति	५११,३९५,३४२	३६९,१५७,६२७
१.१	ब्याज आम्दानी	४५९,४५८,५९१	३१६,७४६,६७५
१.२	अपलेखित कर्जाको असुली	-	-
१.३	कमिशन तथा अन्य आम्दानी	५१,९३६,७५१	५२,४१०,९५१
२.	नगद भुक्तानी	४३९,३५६,९२७	२६१,३८१,७११
२.१	ब्याज खर्च	२३४,७२४,७११	१२९,४३५,१५२
२.२	कर्मचारी खर्च	१०७,६४९,८२१	५४,१६१,१८०
२.३	कार्यालय सञ्चालन खर्च	४३,०१३,३३७	२४,५२७,४३८
२.४	आयकर भुक्तानी	३५,०००,०००	३९,७६३,१९८
२.५	अन्य खर्च	१८,९६९,०५७	१३,४९४,७४४
कार्यगत पुँजी गतिविधि अघिको नगद प्रवाह		(४११,८६३,२१४)	(६५५,४११,६१३)
संचालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धी)		(७०५,४०२,८८१)	(१,००१,४८१,७६५)
१.	माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि)	-	-
२.	अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि)	-	-
३.	कर्जामा कमी/(वृद्धि)	(६९८,९८६,९४०)	(९९४,८३४,५९९)
४.	अन्य सम्पत्तिमा कमी/(वृद्धि)	(६,४१५,९४१)	(६,६४७,१६६)
संचालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धी		२९३,५३९,६६७	३४६,०७०,१५२
१.	निक्षेप दायित्वमा (कमी)/वृद्धि	२६५,६५५,५४०	३३०,६७४,९८७
२.	अल्पकालीन सापटीमा (कमी)/वृद्धि		
३.	अन्य दायित्वमा (कमी)/वृद्धि	२७,८८४,१२७	१५,३९५,१६५
(ख)	लगानी कारोबारमा नगद प्रवाह	(८,४३२,६७८)	(१०,६३२,४२३)
१.	दीर्घकालीन लगानीमा कमी/(वृद्धि)	-	-
२.	स्थीर सम्पत्तिमा कमी/(वृद्धि)	(८,४३२,६७८)	(१०,६३२,४२३)
३.	दीर्घकालीन लगानीमा ब्याज आम्दानी	-	-
४.	लाभांश आम्दानी	-	-
५.	अन्य		
(ग)	वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह	३२६,९७८,०१५	५८८,७७७,२०५
१.	दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि /(कमी)	-	-
२.	शेयर पुंजीमा वृद्धि /(कमी)	-	५६,२८०,०००
३.	शेयर प्रिमियम	-	-
४.	अन्य दायित्वमा वृद्धि/(कमी)	३४१,२५९,०२३	५३०,४९७,७३९
५.	नेपाल राष्ट्र बैंकबाट प्राप्त सहूलियत/पूनरकर्जामा वृद्धि /(कमी)	-	१४,०७०,०००
६.	कल्स ईन एडभान्स	-	-
७.	लाभांश भुक्तानी	(१४,२८१,००८)	(१२,०७०,५३५)
(घ)	नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी /खर्च	-	-
(ङ)	यस वर्षको सम्पूर्ण गतविधिबाट नगद प्रवाह	(२१,२७९,४६२)	३०,५०९,०८४
(च)	नगद तथा बैंकमा रहेको शूरु मौज्दात	१५३,४८४,५३८	१२२,९७५,४५४
(छ)	नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात	१३२,२०५,०७६	१५३,४८४,५३८

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

डम्मरमणी थेवे लिम्बु
अध्यक्ष

राजेश्वर प्रसाद आचार्य

विश्वराम खड्का
सञ्चालक

हरि बहादुर भण्डारी
सञ्चालक

अनुपमा ओझा
सञ्चालक

भक्तराम खड्का
सञ्चालक

निरञ्जन पराजुली
सञ्चालक

सिए गोपाल कुमार श्रेष्ठ
लेखापरीक्षक
एल एस पि एसोसिएटस्
चार्टर्ड एकाउण्टेण्ट्स

मिति : २०७९।१०।२०
स्थान : बनेपा ७, काभ्रेपलाञ्चोक

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

अनुसूची ४.१

शेयर पुँजी तथा स्वमित्व
(२०७९ आषाढ मसान्त)

विवरण	यस वर्ष रु.	गत वर्ष रु.
१. शेयर पुँजी		
१.१ अधिकृत पुँजी	५००,०००,०००	५००,०००,०००
क) ५,०००,००० साधारण शेयर प्रति शेयर रु. १०० ले	५००,०००,०००	५००,०००,०००
ख) ..... ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ....ले	-	-
ग) ..... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ..... ले	-	-
१.२ जारी पुँजी	३७१,६८८,१९२	३०९,७४०,१६०
क) ३,७१६,८८१।९२ साधारण शेयर प्रति शेयर रु. १०० ले	३७१,६८८,१९२	३०९,७४०,१६०
ख) ..... ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ....ले	-	-
ग) ..... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ..... ले	-	-
१.३ चुक्ता पुँजी	३४२,७४४,१९२	२८५,६२०,१६०
क) ३,४२७,४४१।९२ साधारण शेयर प्रति शेयर रु. १०० ले	३४२,७४४,१९२	२८५,६२०,१६०
ख) ..... ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. .. ले	-	-
ग) ..... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु. ..... ले	-	-
१.४ प्रस्तावित बोनस शेयर	५१,४११,६२९	५७,१२४,०३२
१.५ कल्स ईन एडभान्स	-	-
१.६ जम्मा रकम (१.३+१.४+१.५)	३९४,१५५,८२१	३४२,७४४,१९२

शेयर स्वामित्व विवरण	यस वर्ष रु		गत वर्ष रु	
	प्रतिशत	शेयर पुँजी	प्रतिशत	शेयर पुँजी
१. स्वदेशी स्वमित्व	१००	३४२,७४४,१८४	१००	२८५,६२०,१६०
१.१ नेपाल सरकार	-	-	-	-
१.२ क वर्गका इजाजतपत्रपाप्त संस्थाहरु	-	-	-	-
१.३ अन्य इजाजतपत्रपाप्त संस्थाहरु	३.९८	१३,६४२,९७८	३.९८	११,३६९,१४८
१.४ अन्य संस्थाहरु	१.०९	३,७३३,८२४	१.०९	३,१११,५२०
१.५ सर्वसाधारण	२४.०९	८२,५६२,४५८	२४.०९	६८,८०२,०४८
१.६ अन्य	७०.८४	२४२,८०४,९२५	७०.८४	२०२,३३७,४४४
२. बैदेशीक स्वमित्व	-	-	-	-
जम्मा	१००	३४२,७४४,१९२	१००	२८५,६२०,१६०

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

Chartered Accountants L.S.P. ASSOCIATES

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक
शेयर विवरण
२०७/८९ आषाढ मसान्त

अनुसूची ४.१ मा उल्लेखित विवरण अन्तर्गत ०.५ छ वा सो भन्दा बढी शेयर स्वामित्व भएका व्यक्ति/समुह/फर्म/कम्पनीका विवरण

क्र.सं.	नाम	शेयर कित्ता	प्रतिशत	रकम रु.
१	हरी बहादुर भण्डारी	१४७,५१०।७२	४.३०%	१४,७५१,०७२
२	लुम्बिनी विकास बैकं लि.	१३२,७५१।५८	३.८७%	१३,२७५,१५८
३	गुण बहादुर खनाल	१२१,९२७।६८	३.५६%	१२,१९२,७६८
४	डम्मर मणी थेवे लिम्बु	१२१,९२७।६८	३.५६%	१२,१९२,७६८
५	प्रल्हाद राउत	१११,०७१।५२	३.२४%	११,१०७,१५२
६	कृष्ण प्रसाद पौडेल	१०४,५०९।४४	३.०५%	१०,४५०,९४४
७	यज्ञ बहादुर आले	८७,०९१।२०	२.५४%	८,७०९,१२०
८	टिना सूवेदी	८७,०९१।२०	२.५४%	८,७०९,१२०
९	मदन घिमिरे	८७,०९१।२०	२.५४%	८,७०९,१२०
१०	भोला प्रसाद गौतम	७०,०९१।२०	२.०५%	७,००९,१२०
११	कृष्ण प्रसाद बर्तौला	६०,९६३।८४	१.७८%	६,०९६,३८४
१२	ओम कृष्ण कार्की	६०,९६३।८४	१.७८%	६,०९६,३८४
१३	बैकुण्ठ मरहठ्ठा	५७,२१९।८४	१.६७%	५,७२१,९८४
१४	राजेश्वर प्रसाद आचार्य	५५,०९७।२८	१.६१%	५,५०९,७२८
१५	विश्व राम खड्का	४६,१७६।४८	१.३५%	४,६१७,६४८
१६	श्रीराम पुडासैनी	४३,५४५।६०	१.२७%	४,३५४,५६०
१७	आङ दोण्डी शेर्पा	४३,२००।००	१.२६%	४,३२०,०००
१८	थिर बहादूर श्रेष्ठ	३९,१९१।०४	१.१४%	३,९१९,१०४
१९	गणेश प्रसाद आचार्य	३७,९२०।००	१.११%	३,७९२,०००
२०	रामचन्द्र पौडेल	३६,५७८।३०	१.०७%	३,६५७,८३०
२१	बरुण प्रसाद गौतम	३४,८३६।४८	१.०२%	३,४८३,६४८
२२	लिलानाथ नेपाल	३४,१७१।२०	१.००%	३,४१७,१२०
२३	रमेश कुमार प्रधान	३३,६००।००	०.९८%	३,३६०,०००
२४	सामुदायिक सक्रिय नेपाल (क्याप)	३२,५३८।२४	०.९५%	३,२५३,८२४
२५	पदम बहादुर शाक्य	३२,६४०।००	०.९५%	३,२६४,०००
२६	प्रेम प्रसाद सिटौला	३१,८७२।९६	०.९३%	३,१८७,२९६
२७	सम्पुर्ण दास तुलाधर	३१,६८०।००	०.९२%	३,१६८,०००
२८	केशव तुलाधर	३१,६८०।००	०.९२%	३,१६८,०००
२९	मिनु प्याकुरेल	३०,४८१।९२	०.८९%	३,०४८,१९२
३०	गोपाल अधिकारी	३०,४८१।९२	०.८९%	३,०४८,१९२
३१	उदय राज खतिवडा	२७,५८७।००	०.८०%	२,७५८,७००
३२	बिनोद प्रसाद कलवार	२६,१२७।३६	०.७६%	२,६१२,७३६
३३	आसाराम सुवाल	२४,०००।००	०.७०%	२,४००,०००
३४	राजन ताम्राकार	२४,०००।००	०.७०%	२,४००,०००
३५	बाबामैया जोशी	२४,०००।००	०.७०%	२,४००,०००
३६	पंकज चन्द्र श्रेष्ठ	२४,०००।००	०.७०%	२,४००,०००
३७	श्याम सुन्दर रुङ्गटा	२४,०००।००	०.७०%	२,४००,०००
३८	श्याम प्रसाद तिवारी	२१,७७२।८०	०.६४%	२,१७७,२८०
३९	सुशिल प्रसाद खनाल	२१,७७२।८०	०.६४%	२,१७७,२८०
४०	रोजेन कूमार श्रेष्ठ	२१,६००।००	०.६३%	२,१६०,०००
४१	आयुष रुङ्गटा	२१,१२०।००	०.६२%	२,१२०,०००
४२	तेसाङमु शेर्पा	१९,२००।००	०.५६%	१,९२०,०००
४३	रोजिना कोजु श्रेष्ठ	१९,२००।००	०.५६%	१,९२०,०००
४४	कल्पना बासुकला सुवाल	१९,२००।००	०.५६%	१,९२०,०००
४५	गजेन्द्रलाल श्रेष्ठ	१९,२००।००	०.५६%	१,९२०,०००
४६	धर्मभक्त बल्ल	१९,२००।००	०.५६%	१,९२०,०००
४७	उमेश थापा	१८,९००।००	०.५५%	१,८९०,०००
४८	सुरेश काजि श्रेष्ठ	१८,९००।००	०.५५%	१,८९०,०००
४९	सुरज कुमार सिंह	१८,१४४।००	०.५३%	१,८१४,४००
५०	अच्युत कुमार भट्टराई	१७,४७२।९६	०.५१%	१,७४७,२९६
	जम्मा	२,३०५,२९९.२९	६७.२६%	२३०,५२९,९२९

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

अनुसूची ४.२

जगेडा तथा कोषहरु
(२०७९ आषाढ मसान्त)

	विवरण	यस वर्ष रु.	गत वर्ष रु.
१.	साधारण/वैधानिक जगेडा कोष	५३,३६९,४८४	४९,२४०,७८१
२.	पुँजी गत जगेडा कोष	-	-
	शेयर प्रिमियम	-	-
	शेयर स्वाप आम्दानी		
३.	पुँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve)	-	-
४.	पुंजी समायोजन कोष	-	-
५.	अन्य जगेडा तथा कोष		
	५.१ भैपरी आउने जगेडा		
	५.२ संस्था विकास कोष		
	५.३ लाभांश समिकरण कोष		
	५.४ विशेष जगेडा कोष		
	५.५ सम्पत्ति पूनर्मुल्याङ्कन कोष		
	५.६ ग्राहक संरक्षण कोष	९,६५१,८४२	११,४६४,०१४
	५.७ कर्मचारी दक्षता अभिवृद्धि कोष	-	१३२,४८२
	५.७ संस्थागत सामाजिक उत्तरदायित्व कोष	२,०८८,८११	२,४७२,४५४
	५.८ अन्य स्वतन्त्र कोष	-	-
	५.९ अन्य जगेडा कोष	-	-
	५.१० स्थगन कर जगेडा	२,४९८,६५६	१,८००,६१४
६.	सञ्चित नाफा/(नोक्सान)	१८७,३२७	४६,४७७,३७९
७.	सटही घटबढ कोष	-	-
८.	जम्मा	६७,७९६,१२०	१११,५८७,७२३

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

अनुसूची ४.३

ऋण पत्र तथा बण्ड
(२०७९ आषाढ मसान्त)

विवरण	यस वर्ष रु.	गत वर्ष रु.
१. .....प्रतिशत बन्ड/ऋणपत्र प्रति बन्ड/ऋणपत्र .....रु. ले ... मिति ..... मा जारी भएको र मिति ..... मा चूक्ता हूने हालसम्मको Redemption Reserve रकम रु. .....)	-	-
२. .....प्रतिशत बन्ड/ऋणपत्र प्रति बन्ड/ऋणपत्र .....रु. ले ... . मिति ..... मा जारी भएको र मिति ..... मा चूक्ता हूने हालसम्मको Redemption Reserve रकम रु. .....)	-	-
३.	-	-
४. जम्मा १+२+३	-	-

नोट: सूरक्षण राखी ऋण पत्र तथा बण्ड जारी गरीएको भएमा सूरक्षणको बिवरण खूलाउनू पर्नेछ ।

अनुसूची ४.४

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
तिर्न बांकि कर्जा (सापटी)
(२०७९ आषाढ मसान्त)

विवरण	यस वर्ष रु.	गत वर्ष रु.
क. स्वदेशी		
१. नेपाल सरकार	-	-
२. नेपाल राष्ट्र बैंक	-	-
३. रिपो दायित्व	-	-
४. बैंक तथा वित्तीय संस्था	१,७४६,६२०,८८७	१,४०५,३६१,८६३
५. अन्य संगठित संस्थाहरु	-	-
६. अन्य	-	-
जम्मा	१,७४६,६२०,८८७	१,४०५,३६१,८६३
ख. विदेशी		
१. बैंकहरु	-	-
२. अन्य	-	-
जम्मा	-	-
ग. जम्मा (क+ख)	१,७४६,६२०,८८७	१,४०५,३६१,८६३

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

Chartered Accountants L.S.P. ASSOCIATES

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

अनुसूची ४.५

निक्षेप हिसाब

(२०७९ आषाढ मसान्त)

विवरण	यस वर्ष रु.	गत वर्ष रु.
१. ब्याज तिर्नु नपर्ने खाताहरु	-	-
१.१ अनिवार्य बचत निक्षेप	-	-
१.२ स्वेच्छिक बचत निक्षेप	-	-
१.३ सर्वसाधारणबाट संकलन गरेको निक्षेप बचत	-	-
१.४ अन्य निक्षेप		
२. ब्याज तिर्नु पर्ने खाताहरुको जम्मा	१,२०२,६५५,७३७	९३७,०००,१९७
२. ब्याज तिर्नु पर्ने खाताहरु	-	-
२.१ अनिवार्य बचत निक्षेप	१२५,२८९,९१३	१४३,८२७,९१३
२.२ स्वेच्छिक बचत निक्षेप	७४३,५५६,९९७	४८६,७०३,६२६
२.३ सर्वसाधारणबाट संकलन गरेको निक्षेप बचत		
२.४ अन्य निक्षेप	३३३,८०८,८२७	३०६,४६८,६५८
जम्मा निक्षेप (१+२)	१,२०२,६५५,७३७	९३७,०००,१९७

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

Chartered Accountants L.S.P. ASSOCIATES

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

अनुसूची ४.६

अन्य दायित्व
(२०७९ आषाढ मसान्त)

विवरण	यस वर्ष रु.	गत वर्ष रु.
१. पेन्सन/उपदान कोष	४,३१२,२०३	४,४४०,२९५
२. विदा वापत व्यवस्था	३,८८७,७५०	२,०६३,७३३
३. कर्मचारी सञ्चय कोष	-	-
४. कर्मचारी कल्याण कोष	-	-
५. कर्मचारी बोनस व्यवस्था	३,२९५,५२१	१६,३९०,७२९
६. निक्षेपमा भूक्तानी दिन बाँकी ब्याज	-	-
७. सापटीमा भूक्तानी दिन बाँकी ब्याज	-	-
८. सण्ड्री क्रेडिटर्स	१२,७६४,९२५	९,१३१,७२०
९. शाखा मिलान हिसाव	-	-
१०. स्थगन कर दायित्व	-	-
११. भूक्तानी दिनूपर्ने विलहरु	११,६८२,१८७	४,९७०,१०६
१२. भूक्तानी दिन बांकि लाभांश	-	-
१३. अन्य	२३,६९५,७०३	६,१५६,८६२
जम्मा	**५९,६३८,२९०**	**४३,१५३,४४५**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

अनुसूची ४.७

बैंक/वित्तीय संस्थामा रहेको मौज्दात
(२०७९ आषाढ मसान्त)

विवरण	स्वदेशी मूद्रा	विदेशी मूद्रा रु. मा			यस वर्ष रु.	गत वर्ष रु.
		भा. रु.	परिवर्त्य वि.मू.	जम्मा		
१. स्वदेशी इजाजतपत्र प्राप्त संस्थाहरु						
क. चल्ती खाता	१३१,१३७,०७२				१३१,१३७,०७२	१५३,२०२,०३४
ख. अन्य खाता	६९१,४३३				६९१,४३३	२१२,६००
जम्मा	१३१,८२८,५०५				१३१,८२८,५०५	१५३,४१४,६३४

नोट : सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाहरु समर्थन पत्र अनुसारको कुल मौज्दात रु. १३१,८२६,९०९

Chartered Accountants
L.S.P. ASSOCIATES

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

अनुसूची ४.८

लगानी
(२०७९ आषाढ मसान्त)

विवरण	प्रयोजन		यस वर्ष रु.	गत वर्ष रु.
	व्यापारिक	अन्य		
१. नेपाल सरकारको ट्रेजरी बिल	-	-	-	-
२. नेपाल सरकारको बचतपत्र	-	-	-	-
३. नेपाल सरकारको अन्य ऋणपत्र	-	-	-	-
४. नेपाल राष्ट्र बैंक ऋणपत्र	-	-	-	-
५. बिदेशी ऋणपत्र	-	-	-	-
६. स्वदेशी इजाजतपत्रप्राप्त संस्था	-	-	-	-
७. बिदेशी बैंक	-	-	-	-
८. संगठित संस्थाहरुको शेयर	५००,०००		५००,०००	५००,०००
९. संगठित संस्थाहरुको डिवेन्चर तथा वन्ड	-	-	-	-
१०. मुद्दति निक्षेपमा गरेको लगानी				
११. अन्य लगानी	-	-	-	-
कूल लगानी	५००,०००	-	५००,०००	५००,०००
व्यवस्था	-	-	-	-
खुद लगानी	५००,०००	-	५००,०००	५००,०००

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
शेयर डिवेन्चर तथा वण्डमा लगानी

अनुसूची ४.८(क)

विवरण	परल मोल रु.	बजार मूल्यानुसार	व्यवस्था रकम	यस वर्ष	गत वर्ष रु.
१. शेयर लगानी					
१.१ नेपाल फिनसफ्ट कम्पनी लिमिटेड (प्रा.लि./लि.) ५,००० साधारण शेयर, प्रति शेयर रु १०० ले चूक्ता	५००,०००	-	-	५००,०००	५००,०००
१.२ ..... कम्पनी (प्रा.लि./लि.) .....साधारण शेयर, (मध्य.....बोनस समेत) प्रति शेयर रु..... ले चूक्ता	-	-	-	-	-
१.३ ..... कम्पनी (प्रा.लि./लि.) .....प्रतिशत.....प्रिफरेन्स शेयर प्रति शेयर रु..... ले चूक्ता	-	-	-	-	-
२. डिवेन्चर तथा वण्ड लगानी					
२.१ ..... कम्पनी (प्रा.लि./लि.) .....प्रतिशत डिवेन्चर/बन्ड प्रति डिवेन्चर/बन्ड रु...ले...	-	-	-	-	-
२.२					
२.३					
कूल लगानी	५००,०००	-	-	५००,०००	५००,०००
३. जोखिम सम्बन्धी व्यवस्था					
३.१ गत वर्ष सम्मको व्यवस्था	-	-	-		-
३.२ यस वर्षको थप/घट	-	-	-	-	-
कूल व्यवस्था	-	-	-	-	-
खुद लगानी	५००,०००	-	-	५००,०००	५००,०००

नोट: ३ वर्ष भन्दाबढी समयदेखि लाभांश घोषणा तथा वितरण नगरेका कम्पनीहरु भएमा त्यस्ता कम्पनीहरुको नाम खुलाउनु पर्नेछ ।

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

Chartered Accountants L.S.P. ASSOCIATES

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा ७, काभ्रेपलाञ्चोक

अनुसूची ४.९

कर्जा सापट वर्गीकरण र सोको लागि व्यवस्था
(२०७९ आषाढ मसान्त)

विवरण	कर्जा सापट वर्गीकरण		यस वर्ष रु.	गत वर्ष रु.
	विमित	अविमित		
१. सक्रिय कर्जा सापट (Performing)	२,९६५,५४७,७५३	४,०५१,२९७	२,९६९,५९९,०५०	२,६३४,१७१,१७१
१.१ असल	२,७३०,०९५,७०६	३,३८८,१४४	२,७३३,४८३,८५०	१,८९९,२९१,५३९
१.२ सुक्ष्म निगरानी	२३५,४५२,०४६	६६३,१५४	२३६,११५,२००	७३४,८७९,६३२
२. निस्क्रिय कर्जा सापट (Non Performing)	४२८,७०५,६४५	११,४५४,४१२	४४०,१६०,०५७	७६,६००,९९६
२.१ कमसल	३६,९३१,६९८	४३१,७८३	३७,३६३,४८१	३९,२९३,६४७
२.२ शंकास्पद	५३,७०४,१५९	३८६,१९२	५४,०९०,३५१	१६,८५३,७३३
२.३ खराब	३३८,०६९,७८८	१०,६३६,४३७	३४८,७०६,२२५	२०,४५३,६१६
३. कूल कर्जा सापट (१+२)	३,३९४,२५३,३९७	१५,५०५,७१०	३,४०९,७५९,१०७	२,७१०,७७२,१६७
४. कर्जा नोक्सानी व्यवस्था	१०५,४९१,१७३	२१,८३६,४७३	१२७,३२७,६४६	४०,८९४,८८२
४.१ असल	९,००९,३२३	४४,०४६	९,०५३,३६९	६,२३३,६२७
४.१ सुक्ष्म निगरानी	२,९४३,१५१	३३,१५८	२,९७६,३०९	९,३३७,२४७
४.३ कमसल	२,३०८,२३१	१०७,९४६	२,४१६,१७७	२,६१५,९०३
४.४ शंकास्पद	६,७१३,०२०	१९३,०९६	६,९०६,११६	३,६६७,११२
४.५ खराब	८४,५१७,४४७	१०,६३६,४३७	९५,१५३,८८४	१५,२१६,०५२
४.६ अतिरिक्त		१०,८२१,७९०	१०,८२१,७९०	३,८२४,९४२
४.७ तेस्रो पक्षको धितोमा प्रवाह भएको कर्जाको लागि थप			–	–
५. गत वर्षसम्मको कर्जा नोक्सानी व्यवस्था	२१,०२२,९१७	१९,८७१,९६४	४०,८९४,८८२	४६,६१७,६३६
५.१ असल	६,१५२,३८८	८१,२३९	६,२३३,६२७	२५,३३७,४०७
५.२ सुक्ष्म निगरानी	९,१३५,५८६	२०१,६६१	९,३३७,२४७	८५,८०६
५.३ कमसल	२,४०२,५०४	२१३,३९९	२,६१५,९०३	१,५१९,२१३
५.४ शंकास्पद	१,५८६,५८५	२,०८०,५२७	३,६६७,११२	८,८३५,९९४
५.५ खराब	१,७४५,८५५	१३,४७०,१९७	१५,२१६,०५२	९,१७४,११७
५.६ अतिरिक्त		३,८२४,९४२	३,८२४,९४२	१,६६५,०९९
५.७ तेस्रो पक्षको धितोमा प्रवाह भएको कर्जाको लागि थप		–	–	–
६. यस वर्षका नोक्सानी व्यवस्था फिर्ता			८४,९१७,६३२	१३५,८१४,८६६
७. यस वर्षको थप कर्जा नोक्सानी व्यवस्था			१७१,३५०,३९६	१२३,७७८,०११
८. यस वर्षको थप/फिर्ता			८६,४३२,७६४	(५,७२२,७५३)
९. कूल कर्जा नोक्सानी व्यवस्था (५-६+७)			१२७,३२७,६४६	३४,५८०,७८१
